यस भित्र


खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनमा लैंगिक समानता र सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण: पृष्ठ ३


चौध वर्षको पर्खाईपछि पाएको सुख : पृष्ठ ९


अन्त्य भयो सुत्केरी हुनुअघिपानीको जोहो गर्नु पर्ने बाध्यता : पृष्ठ १३


परदेशबाट फर्केका टेकबहादुरको जीवनमा सुख फर्क्यो : पृष्ठ १४

NEWAH
Nepal Water for Health

# पानी र सरसफाइ

नेपाल स्वास्थ्यका लागि पानी (नेवा) को अर्धवार्षिक बुलेटिन

वर्ष २२ | अंक १ | माघ २०८०

## च्यारिटी वाटर अमेरिकाद्वारा आयोजनाहरूको अनुगमन तथ मूल्याङ्कन

च्यारिटी वाटर अमेरिकाद्वारा नेपाल स्वास्थ्यको लागि पानी (नेवा) को प्राविधिक तथा व्यवस्थापकीय सहयोगमा समुदायमा निर्मित खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन सम्पन्न भएको छ। च्यारिटी वाटर र नेवाका प्रतिनिधिहरू सम्मिलित अनुगमन टोलीले सिन्धुली, काभ्रेपलाञ्चोक र सुर्खेत जिल्लाहरूमा सम्पन्न भएका आयोजनाहरूको संयुक्त अनुगमन गरेको थियो।

अनुगमन टोलीले २०८० मंसिर २२ गते सुर्खेतको बराहताल गाउँपालिका अन्तर्गत यूयसएड-केडब्लुएको सहयोगमा कार्यान्वयन भएको कपासे खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको अनुगमन गरेको थियो। टोलीले उपभोक्ता समितिका पदाधिकारीहरूसँग आयोजनाको आवश्यकता, निर्माण गर्दा भएका चुनौती तथा आयोजनाको दिगोपन सम्बन्धमा छलफल गर्नुका साथै मुहानदेखि धारासम्मका सबै संरचनाहरू तथा सोलर लिफ्टको समेत अनुगमन एवं अवलोकन गरेको थियो।

अनुगमनका क्रममा टोलीले मंसिर २६ देखि २८ गतेसम्म सिन्धुली र काभ्रेपलाञ्चोक जिल्लामा सञ्चालित खानेपानी तथा सरसफाइ आयोजनाहरूको अनुगमन गर्नुका साथै उपभोक्ता समितिका पदाधिकारीहरूसँग छलफल गरेको थियो। यस क्रममा अनुगमन



*च्यारिटी वाटरका प्रतिनिधिहरू सम्मिलित टोलीले सुर्खेतस्थित कपासे खानेपानी तथा सरसफाइ आयोजनाको अनुगमन गर्दै*




*च्यारिटी वाटरका प्रतिनिधिहरू सम्मिलित टोलीले सिन्धुलीस्थित खानेपानी तथा सरसफाइ आयोजनाको अनुगमन गर्दै*

टोलीले काभ्रेपलाञ्चोक जिल्लाको बेथानचोक गाउँपालिका-६ स्थित महाँकालचौर खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना, रोशी गाउँपालिका-९ र ११ का ठूलोचौर पेप्टा र पिप्ले माम्तीडाँडा खानेपानी तथा सरसफाइ आयोजनामा निर्मित खानेपानीका संरचनाहरूको अनुगमन गर्नुका साथै घर घरमा निर्मित चाङ, जुठ्यान र चर्पी लगायत सरसफाइ अवस्थाको समेत अवलोकन गरेको थियो। यसैगरी टोलीले आर्थिक वर्ष २०७४/०७५ मा निर्माण भई आर्थिक वर्ष २०७९/०८० मा मर्मत सम्भार गरिएको सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका-५ मा अवस्थित ओडारे खानेपानी तथा सरसफाइ आयोजनाको समेत अनुगमन गरेको थियो।

अनुगमन टोलीले उपभोक्ता समितिका पदाधिकारीहरूसँग खानेपानी आयोजना दिगो राख्न गरिएका पहलहरू, मर्मत सम्भार कार्यकर्ताको व्यवस्था, खानेपानी गुणस्तार परीक्षण, भैपरि आउने समयमा आयोजना सुचारु राख्न चालिने कदमहरू तथा मर्मत सम्भार कोष रकम र जगेडा सामग्रीको व्यवस्थापन र परिचालनका बारेमा छलफल गर्नुका साथै ओडारे खानेपानी उपभोक्ता समितिसँग आयोजना पुनः मर्मत सम्भार गर्नु पर्ने कारण र यसबाट खानेपानी आयोजनामा पर्न गएको असरबारे जानकारी लिएको थियो।

(बाँकी पृष्ठ २ मा)

**सम्पादन मण्डल**

डा. महेश्वर प्रसाद यादव, संयोजक
(पिएमआर प्रबन्धक)

अरुण कुमार श्रेष्ठ, सदस्य
(वास प्रबन्धक)

उमेश बस्नेत, सदस्य
(फण्डरेजिङ संयोजक)

मैत्रेयी शर्मा, सदस्य
(नेवा प्रदेश कार्यालय, सिन्धुली)

रमेश दाहाल, सदस्य
(नेवा प्रदेश कार्यालय, बागलुङ)

भरत अधिकारी, सदस्य
(विज्ञ सम्पादक)

**सल्लाहकार**

ई. रेशम जंग सिंह
(निर्देशक, नेवा)

कुमार प्रसाद सिलवाल
(वरिष्ठ प्रबन्धक - फिल्ड अप्रेसन)

दिनेश उप्रेती
(प्रशासन तथा मानव संसाधन प्रबन्धक)

सजल श्रेष्ठ
(वित्त प्रबन्धक)

**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**
लोहसाल, काठमाडौं, नेपाल
पोष्ट बक्स नं. : ४२३१
फोन नं. : ०१-४०१५७०७, ४०१५६०८
टोल फ्री नं. : १६६० ०१ २३४५०
इमेल : newah@newah.org.np
वेबसाइट : www.newah.org.np

## सम्पादकीय

# शान्ति, सम्वृद्धि र समावेशी विकासका लागि पानी

*जीवनको आधारका रूपमा रहेको पानी वर्तमान समयमा मानिसको सम्वृद्धिको पनि परिचायक बनेको छ। हामी जति जति भौतिक प्रगतितिर उन्मुख भइरहेका छौं, हामीले प्रयोग गर्ने पानीको मात्रा पनि सोही अनुपातमा बढिरहेको छ। विश्वका सम्पन्न र विपन्न राष्ट्का नागरिकहरूले गर्ने पानीको उपयोगको तुलना गरेर हेर्दा पनि यो कुरा पुष्टि हुन्छ। बढ्दो जनसंख्या एवं विभिन्न कारणले गर्दा पानीको घट्दो उपलब्धता र खासगरी अविकसित र विकासशील देशहरूमा पानी व्यवस्थापनको कमजोर कार्यशैलीले गर्दा पानीको उपलब्धता र माग बीच सामञ्जस्य गर्ने कार्य दिनदिनै चुनौतीपूर्ण बनिरहेको छ।*

*वर्तमान समयमा, विश्वभर दुई खर्ब २० अर्ब मानिसहरू सुरक्षित पिउने पानीको पहुँचबाट वञ्चित छन् भने ४ खर्ब २० अर्ब मानिसहरू व्यवस्थित सरसफाइका सेवाहरूको पहुँचबाट वञ्चित छन्। पानी व्यवस्थापनमा समावेशिताको अभावले गर्दा अधिकांश मानिसहरू पानीको निर्वाध पहुँचबाट वञ्चित हुन पुगेका छन्।*

*नेपालकै सन्दर्भमा हेर्दा पनि आधारभूत खानेपानीमा ९५ प्रतिशत नागरिकहरूको पहुँच पुगेको तथ्याङ्क एकातिर छ भने सुरक्षित खानेपानीको पहुँच ज्यादै थोरै नागरिकहरूमा सीमित हुनुले यस क्षेत्रमा अझ धेरै लगानी र मेहेनतको आवश्यकता रहेको पुष्टि गर्छ। खानेपानी प्रणालीहरूको उचित प्रबन्धन र दिगोपन पनि वर्तमान समयमा चुनौतीपूर्ण बनिरहेको छ।*

*पानीको उपलब्धताको यही अवस्था र पानीको महत्वका यिनै आयामलाई आत्मसात गर्दै प्रत्येक वर्ष मार्च २२ मा मनाइने विश्व पानी दिवस यसपटक पनि "शान्तिका लागि पानी" (Water for Peace) मूल नाराका साथ मनाइँदैछ। पानी द्वन्द्व र गरीबीको होइन, शान्ति र सम्वृद्धिको द्योतक बनोस् र बन्नुपर्छ भन्ने ध्येयका साथ मनाइने यस दिवसले नीति निर्माता लगायत समस्त सरोकारवालाहरूलाई पनि पानीमा समावेशिताको अपरिहार्यतालाई अझ प्रष्ट रूपमा बुझाउनेछ भन्ने अपेक्षा गरिएको छ।*

(पृष्ठ १ को बाँकी) अनुगमन टोलीले रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामा र उपाध्यक्ष भीमबहादुर वाइबा लगायतसँग खानेपानी सञ्चालन, खानेपानी प्रणालीलाइ दिगो राख्न गाउँपालिकाबाट गरिएका पहलहरू, भविष्यको कार्ययोजना र गाउँपालिकाले सम्बन्धित खानेपानी आयोजनाका लागि छुट्याएको समपूरक कोष रकमको विनियोजन र परिचालन, नेवाले गरेको खानेपानी आयोजनामा जनश्रमदान र गाउँपालिकाले आयोजना प्रथिमिकिरणबारे छलफल गरेको थियो। यसैक्रममा टोलीले नेवा वागमती प्रदेश कार्यालय, सिन्धुलीका योजना, अनुगमन र प्रतिवेदन शाखाका कर्मचारी विवेक प्रसाद दाहालसँग 'हेल्लो मोनिटरिङ' र 'कल सेन्टर मोनिटरिङ' गर्दा उपभोक्ताहरूबाट आउने गरेका गुनासा र समस्याहरू एवं तिनलाई कसरी र कति समयमा समाधान वा सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा जानकारी हासिल गरेको थियो।

अनुगमन टोलीमा च्यारिटी वाटर अमेरिकाबाट कार्यक्रम प्रबन्धक सिएरा टोबिन, अनुगमन तथा मूल्याङ्कन प्रमुख स्कट मिलर र परामर्शदाता क्याशेल कफलनको सहभागिता थियो। नेवाबाट टोलीमा निर्देशक ई. रेशम जंग सिंह, वरिष्ठ फिल्ड अप्रेशन प्रबन्धक कुमार सिलवाल, आयोजना, अनुगमन तथा रिपोर्टिङ प्रबन्धक डा. महेश्वर प्रसाद यादव, वास प्रबन्धक अरुण कुमार श्रेष्ठ, प्रदेश कार्यालय प्रमुख मैत्रेयी शर्मा, वास अधिकृत महेन्द्र कोइराला र वरिष्ठ अनुगमन सहायक विवेक प्रसाद दाहाल लगायतको सहभागिता रहेको थियो। यसैगरी सिकाई आदान-प्रदान गर्ने हेतुले हेल्भेटास नेपालका प्रतिनिधिहरू यस भ्रमणमा सामेल भएका थिए भने हेल्भेटासका आयोजनाहरूको अनुगमन भ्रमणमा नेवाका प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो।

च्यारिटी वाटरका प्रतिनिधिहरूले नेवाको उच्च व्यवस्थापन समूह तथा कार्यकारी समितिसँग कार्यक्रमको पुनरावलोकन एवं मूल्याङ्कन गर्नुका साथै बहुवर्षीय योजना, भावी रणनीति र खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका समसामयिक मुद्दाहरूबारेमा छलफल गरेका थिए।

*डा. महेश्वर प्रसाद यादव / विवेक प्रसाद दाहाल*

# खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनमा लैंगिक समानता र सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण

## पृष्ठभूमि

नेपाल जलस्रोतको हिसाबले संसारकै धनी देशमा गनिन्छ । मानव जीवनमा जलस्रोतको महत्व बहुउपयोगी छ, जसमध्ये खानेपानी, उर्जा, सिंचाई आदि मुख्य उपयोगका क्षेत्र हुन् । यीमध्ये खानेपानी तथा सरसफाइलाई नेपालको संविधान, २०७२ ले नागरिकको मौलिक अधिकारका रूपमा अङ्गिकार गरेको छ । मानिसको आधारभूत आवश्यकताका रूपमा रहेको खानेपानी र सरसफाइको सुविधाको सबैले निर्वाध र न्यायोचित उपयोग गर्न पाउनु पर्छ, तर वास्तविकता यस्तो छैन । सबैलाई यी सुविधाहरूको न्यायोचित पहुँच हुन खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) व्यवस्थापनमा लैंगिक समानता र सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण अपरिहार्य भएको छ, जसका बारेमा यस लेखमा चर्चा गरिएको छ ।

## वर्तमान परिवेश

खानेपानी प्रणालीको योजना तर्जुमा, निर्माण तथा सञ्चालनमा समुदायका सबै सदस्यहरूको भूमिका महत्वपूर्ण हुन्छ । तर हाम्रो परम्परागत सामाजिक र संस्कारगत मान्यताका कारण महिला, सीमान्तकृत तथा पछाडि पारिएका वर्गहरूले अपेक्षाकृत रूपमा यो भूमिका निर्वाह गर्न पाएका छैनन् । हाम्रो समाजमा परम्परागत रूपमा हुँदै आएको महिला र पुरुष बीच कामको बाँडफाँड अनुसार पानी र सरसफाइको मुख्य अभिभारा महिलाहरूको काँधमा थोपरिएको छ । यो त एउटा उदाहरण मात्रै हो, यस्ता कैयौं विभेदयुक्त व्यवहारहरूले गर्दा नै महिलाहरू पछि पारिएका हुन् । घरभित्रको कामलाई अनुत्पादक ठान्ने, पानीको जोहो गर्ने, बालबच्चादेखि लिएर पूरै घरको सरसफाइ गर्ने जस्ता कामलाई काम नभएर 'महिलाहरूको कर्तव्य' का रूपमा मात्र लिने गरिन्छ । महिला र पुरुष बीचको जैविक भिन्नताद्वारा निर्धारित काम बाहेक अरु सबै काम महिला पुरुष दुवैले समान ढङ्गले गर्न सक्छन् र गर्नुपर्छ भन्ने प्रभावकारी पैरवीको अहिले पनि ठूलो खाँचो छ ।

महिला र पुरुष बीचको जैविक भिन्नताद्वारा निर्धारित काम बाहेक अरु सबै काम महिला पुरुष दुवैले गर्न सक्छन् र गर्नुपर्छ भन्ने प्रभावकारी पैरवीको अहिले पनि ठूलो खाँचो छ ।

समाजका प्रत्येक सदस्यहरू लैङ्गिक र सामाजिक रूपमा संवेदनशील भएपछि मात्र यस्तो विभेदको अन्त्य हुन्छ । यसका लागि व्यक्ति मात्र नभएर समाज अनि पूरै राज्य नै संवेदनशील भएर तथा दायित्व बोध गरेर अघि बढ्नु आवश्यक छ । माथि नै उल्लेख गरे जस्तो हाम्रो समाजमा भइरहेका विभिन्न प्रकारका सामाजिक विभेदका कारण घरभित्रको पानी र सरसफाइको व्यवस्थापनको जिम्मा महिलाहरूको काँधमा पर्न आएको देखिन्छ भने, महिलाहरू र समाजमा पछि पारिएका वर्गहरूलाई पानी र सरसफाइ सम्बन्धी हुने कुनै पनि पहलमा अझै प्रभावकारी र अर्थपूर्ण ढंगले सहभागी गराउन खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनमा लैङ्गिक तथा सामाजिक मूलप्रवाहीकरणको आवाज उठेको हो ।

## अन्तर्राष्ट्रिय पहलहरू

खानेपानी, सरसफाइ र स्वच्छता व्यवस्थापनमा लैङ्गिक तथा सामाजिक मूलप्रवाहीकरणको मान्यतालाई सन् १९८२ अप्रिलमा सम्पन्न संयुक्त राष्ट्र संघको नवौं महासभाले पहिलो पटक आत्मसात गरेको थियो । जसले महिलाहरूको भूमिकालाई खानेपानी तथा सरसफाइमा महत्वपूर्ण स्थान दिनु पर्छ भन्ने विषयमा निर्णय गर्‍यो । सो विषय बमोजिम सन् १९८० मा कोपनहेगनमा सम्पन्न संयुक्त राष्ट्र संघको मध्यदशक सम्मेलनमा सबै सरकारी र गैर सरकारी संघ संस्थाहरूले महिलाहरूको खानेपानी परियोजनाका सम्पूर्ण चरणहरूमा अर्थपूर्ण सहभागिता सुनिश्चित गराउन सहमति गरे बमोजिम कार्यान्वयनमा आएको थियो (Regmi, 2022) । त्यसपछि पनि संयुक्त राष्ट्र संघका विभिन्न बैठकहरूमा महिलाहरूको सहभागिताका विषयमा पटकपटक छलफल भए । सन् १९९२ मा आयरल्याण्डको राजधानी डब्लिनमा सम्पन्न पानी र वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा पानी, महिला र गरिबी सम्बन्धी विषय र आर्थिक पक्षमा केन्द्रित भएर छलफल भयो । उक्त सम्मेलनबाट चार वटा मुख्य सिद्धान्तहरू प्रतिपादन भए, जो आजसम्म पनि डब्लिन सिद्धान्तका रूपमा सान्दर्भिक छन् । उक्त सिद्धान्तहरूमा विशेषगरी पानीको योजना, व्यवस्थापन, र सुरक्षामा महिलाहरूले मुख्य भूमिका खेल्न सक्छन् भन्ने विषयलाई उजागर गरिएको छ । सन् १९९२मा नै रियो द जैनेरियोमा सम्पन्न संयुक्त राष्ट्र संघको वातावरण र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले तय गरेका छलफलका २१ वटा विषयहरूमध्ये सात वटा विषयहरू त पानी



*सामाजिक जनजीवनका प्रत्येक क्षेत्रमा किशोरी तथा महिलाहरूको समतामूलक सहभागिता आवश्यक छ*




*आफ्नो घरको भित्तामा टाँसिएको घरभेट फारमको अवलोकन गर्दै कर्थली खानेपानी आयोजना, काभ्रेकी उपभोक्ता मुना लामा*

र यसको व्यवस्थापन सम्बन्धी नै थिए । उक्त सम्मेलनले डब्लिन सम्मेलनले पानी र यसको व्यवस्थापनमा महिलाको सहभागिता बारे उजागर गरेका सिद्धान्तहरूलाई महत्वपूर्ण स्थान दिएको थियो । (Regmi, 2022) ।

यसैगरी सन् १९९५ मा चीनको बेईजिङमा संम्पन्न संयुक्त राष्ट्र संघको चौथो विश्व सम्मेलनले लैंगिक विषयलाई प्राथमिकतामा राखी सुरक्षित खानेपानी र सरसफाइमा सबैको पहुँचलाई सुनिश्चित गरेको थियो । त्यस्तै, सन् २००० मा संयुक्त राष्ट्र संघले तय गरेको सहस्राब्दी लक्ष्यहरू मध्ये लैङ्गिक समानता प्रवर्द्धन र महिला सशक्तिकरणलाई एक मुख्य लक्ष्यको रूपमा तय गरेको थियो । सहस्राब्दी लक्ष्यको कार्यान्वयनको अवधि सन् २००० देखि सन् २०१५ सम्मको समीक्षापछि संयुक्त राष्ट्र संघले सन् २०१५ मा सन् २०३० सम्म विश्वभर प्राप्त गर्न लिएको विभिन्न १७ वटा दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य नम्बर ६ ले सबैलाई सुरक्षित खानेपानी र सरसफाइको पहुँच बारे र लक्ष्य नम्बर ५ ले लैंगिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरणबारे विभिन्न सूचकहरू तयार गरी लक्ष्य प्राप्त गर्ने विधि तय गरेको छ । लक्ष्य नम्बर ६ अन्तर्गत उपलक्ष्य ६.५ मा सन् २०३० सम्ममा उपयुक्त भएमा अन्तर्राष्ट्रिय सहयोग मार्फत सबै तहमा एकीकृत जलस्रोत व्यवस्थापन लागू गर्ने विषय उल्लेख गरिएको छ । त्यसैगरी लक्ष्य नम्बर ५ अन्तर्गतको उपलक्ष्य ५.५ मा सन् २०३० सम्ममा राजनीतिक, आर्थिक, र सार्वजनिक जीवनमा निर्णय लिने सबै तहमा महिलाहरूको अर्थपूर्ण र प्रभावकारी सहभागिता एवं नेतृत्वका लागि समान अवसरहरू सुनिश्चित गर्ने लक्ष्य लिएको छ ।

## राष्ट्रिय परिवेशमा हेर्दा

नेपाल सरकार, खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभागको सन् २०१८ को तथ्याङ्क बमोजिम नेपालमा करिब ४२ हजार खानेपानी तथा सरसफाइ आयोजनाहरू निर्माण भएका छन् । विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूको सहयोगमा देशभर खानेपानी प्रणालीहरू निरन्तर निर्माण भइरहेकाले हाल उक्त संख्यामा केही वृद्धि भएको देखिन्छ । अधिकांश खानेपानी आयोजनाहरूको सञ्चालन तथा व्यवस्थापन स्थानीय उपभोक्ता समितिहरूले गरिरहेका छन् । उपभोक्ता समितिहरू मार्फत व्यवस्थापन हुने खानेपानी आयोजनाहरूको दिगो रूपले सञ्चालन गर्नका लागि विशेष गरेर संस्थागत, सामाजिक, प्राविधिक, आर्थिक र वातावरणीय पक्षहरूको प्रभावकारी ढङ्गले कार्यान्वयन भएको सुनिश्चित गर्नु पर्दछ । मूलतः खानेपानी प्रणालीहरू व्यवस्थापन गर्नका लागि एकीकृत जलस्रोत व्यवस्थापन प्रणाली संसारभरि सर्वस्वीकार्य र बढी प्रचलनमा भएको पद्धति हो । एकीकृत जलस्रोत व्यवस्थापन प्रणालीले जलस्रोतको सामाजिक, आर्थिक र वातावरणीय पक्षहरूलाई दिगोरूपमा र सन्तुलित ढङ्गले व्यवस्थापन गर्दछ र विभिन्न सरोकारवाला समूह तथा क्षेत्रले वातावरणीय हिसाबले पानीको सदुपयोग गरे नगरेको पनि पहिचान गर्दछ (GWP & UNEP–DHI, 2021) ।

नेपालले दीर्घकालीन र व्यवस्थित योजना पहिलो पटक सन् १९५६ बाट पहिलो पञ्चवर्षीय योजनाका रूपमा शुरु गरेको हो । सन् १९५६ देखि सन् १९७९ सम्म आइपुग्दा विकासका योजनाहरूमा धेरै पाटाहरूलाई समेटिए पनि लैंगिक विषय अटाएको थिएन । तर सन् १९८० मा नेपालले छैठौं पञ्च वर्षीय योजनाको खाका तयार गर्दै गर्दा पहिलो पटक महिलाको विषयले प्रवेश पायो र उक्त योजनामा नेपालको योजनाबद्ध विकासमा महिलाको अर्थपूर्ण भूमिका विषयक महत्वपूर्ण दृष्टिकोणले स्थान पायो (Regmi, 2022) । तत्पश्चात्, नेपालले प्रत्येक पाँच वर्षमा तर्जुमा गर्ने आवधिक योजनाहरूमा महिला र लैंगिक सवाललाई महत्वपूर्ण स्थान दिदै आएको छ । नेपालको संविधान २०७२ ले लिंग, जातजाति, आर्थिक अवस्थाका कारण नागरिकहरूमा कुनै पनि भेदभाव हुने छैन भन्ने व्यवस्था गर्नुका साथै प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने सुनिश्चित गरेको छ । यसैगरी संविधानले महिलाको हक, दलितको हक, बालबालिकाको हक, र सामाजिक न्यायको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ ।

खासस्व कार्यक्रमका प्रत्येक चरणमा नेवाले महिलाहरूको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्न यसका नियमित कार्यक्रममा विभिन्न क्रियाकलापहरू समावेश गर्ने गरेको छ ।



*प्राविधिक होस् या प्रशासनिक, सबै काम महिला पुरुष दुवैले समान ढङ्गले गर्न सक्छन्*

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाल र नेवा

विभिन्न अन्तर्राष्ट्रिय दात्री निकायहरूको सहयोगमा नेवाले हालसम्ममा २२ लाख भन्दा बढी नेपाली जनतालाई खासस्व सुविधा पहुँच पुऱ्याउन नेतृत्वदायी भूमिका खेलेको छ। खासस्व कार्यक्रमका प्रत्येक चरणमा नेवाले महिलाहरूको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्न यसका नियमित कार्यक्रममा विभिन्न क्रियाकलापहरू समावेश गर्ने गरेको छ। आर्थिक वर्ष २०७९/२०८० सम्म सम्पन्न २,६७१ खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाहरूको निर्माण, मर्मत तथा सञ्चालन स्थानीय उपभोक्ता समितिहरूले गरिरहेका छन् । उक्त समितिहरूमा औसतमा करिब ४३ प्रतिशत महिलाहरूको सहभागिता रहेको छ (NEWAH, 2023)। नेवाले आफ्नो पछिल्लो पाँच वर्षीय रणनीति २०२२-२०२६ (NEWAH Strategic Plan 2022–2026) मा लैंगिक समानता र सामाजिक समावेशीकरणलाई मुख्य अन्तरसम्बन्धित (Crosscutting) मुद्दाका रूपमा समावेश गरेको छ। त्यस्तै, यस संस्थाले सन् २००७ मा तयार गरेको लैंगिक तथा सामाजिक समावेशीकरण रणनीतिलाई सन् २०२३ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा समय सापेक्ष परिमार्जन गरी लैङ्गिक समानता र सामाजिक समावेशी नीति (GESI Policy 2023) को रूपमा तयार गरेको छ। उक्त नीतिमा कसैलाई पछि नछोडी (leaving no one behind) लैंगिक तथा सामाजिक समावेशी नीति अवलम्बन गर्दै लक्षित समूहसम्म खानेपानी, सरसफाइ, तथा स्वच्छताका सेवा पुऱ्याउन मुख्य भूमिका खेल्ने विषय तय गरिएको छ। हाल नेवाले कार्यक्रम कार्यान्वयन गर्ने क्रममा लैंगिक विषयसँग संगै आर्थिक रूपमा विपन्न समूह लक्षित केही क्रियाकलापहरू समेत कार्यान्वयन गर्दै आएको छ।

नेवाले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्दादेखि आयोजनाको सञ्चालन र मर्मत सम्भारमा महत्वपूर्ण भूमिका खेल्ने मर्मत कार्यकर्ता चयन गर्दा र विभिन्न क्षमता विकास क्रियाकलाप सञ्चालन गर्दा लैंगिक र समावेशी नीतिलाई मध्यनजर गरी कार्यान्वयन गर्दै आएको छ। नेवाले १९९९ देखि खासस्व आयोजनाहरूमा लैङ्गिक र गरिबी संवेदनशील दृष्टिकोण (Gender and Poverty Sensitive Approach) लागू गरी संगठित रूपमा खासस्व कार्यक्रममा लैङ्गिक असमानता र गरिबीका मुद्दाहरूलाई सम्बोधन गर्दै आएको हो। लैङ्गिक समानता र सामाजिक समावेशीकरणका मुद्दाहरूलाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्न नेवाले सन् २००७ देखि लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) नीति अवलम्बन गऱ्यो । यस नीतिले आयोजना कार्यान्वयन गरिने समुदायमा उपभोक्ताहरूको सम्पन्नता स्तरीकरण (Wellbeing ranking) गरेर उनीहरूको आर्थिक अवस्था अनुसारको श्रमदान एवं मर्मत सम्भार कोषको शुल्क निर्धारणको आधार खोजिने पद्धतिको थालनी भयो। त्यसैगरी आयोजनाको निर्णय प्रक्रियामा महिलाहरूको सहभागितालाई अर्थपूर्ण बनाउन उपभोक्ता समितिका पदाधिकरीहरूमा ५० प्रतिशत महिलाहरूको सहभागिता एवं आयोजनाले पारिश्रमिक दिने कार्यमा महिला एवं विपन्न वर्गका समूहको सुनिश्चितता गर्ने कार्य प्रारम्भ भयो। नेवा लगायतका विभिन्न संघ संस्थाहरूको निरन्तर पैरवीका कारण यो पद्धति नेपाल सरकारद्वारा



*उपभोक्ता समितिका मुख्य पदहरूमा महिलाहरूको भूमिका प्रशंसनीय देखिएको छ*

तर्जुमा गरिएको खानेपानी तथा सरसफाइ नीति तथा रणनीति २००४ मा समावेश हुन पुग्यो। परिणामस्वरूप आज देशभरि बनिने खानेपानी तथा सरसफाइ आयोजनाहरूले लैङ्गिक तथा गरीबी संवेदनशीलता अवलम्बन गर्ने गरेका छन् (NEWAH, 2022)।

नेपाल सरकारको मानक ३३ प्रतिशत महिला प्रतिनिधित्वको प्रावधान पछ्याउँदै नेवाले उपभोक्ता समितिका सदस्यहरूमा कुल संख्याको ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नका लागि प्रयासरत छ। नेवाले सधैं दिगो खानेपानी प्रणालीका लागि महिला सशक्तिकरणको आवश्यकताको परिकल्पना गर्दै विभिन्न जातजाति, सामाजिक र आर्थिक रूपमा वहिष्कृत तथा विपन्न समूहहरूबाट उपभोक्ता समितिका प्रमुख चार पदहरूमा ५० प्रतिशत महिला प्रतिनिधित्व गराउन समुदायलाई सहजीकरण एवं सोही बमोजिम समिति गठन गर्दै आएको छ। साथै आयोजना क्षेत्रको जातजाति तथा विपन्नताको संरचनालाई मध्यनजर गर्दै उपभोक्ता समितिमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिन्छ। यस्ता समूहहरूको न्यूनतम ३३ प्रतिशत वा सो भन्दा माथि ५० प्रतिशत महिला एवं ५० प्रतिशत पुरुष मर्मत कार्यकर्ता छनोट गरी आवश्यक क्षमता अभिवृद्धि गर्दै आएको छ। साथै नेवाले आफ्नो आयोजना क्षेत्रमा विभिन्न सरसफाइ र स्वच्छताका समूहहरूमा समेत मर्मत कार्यकर्ताकै निर्धारित मानक प्रतिशत अनुसार सबै लक्षित समूहका जातजातिका महिला तथा पुरुषहरूको सहभागिता हुने गरी गठन गर्दै आएको छ।

यसैगरी नेवाले फरक क्षमता भएका व्यक्तिहरूको आवश्यकता अनुसारको खानेपानी तथा सरसफाइका संरचना निर्माणका लागि सहजीकरण एवं आवश्यक सहयोग गर्दै आएको छ। बालबालिका, लैंगिक तथा अपांगता अनुकुल विद्यालय शौचालय निर्माण तथा बालबालिका अनुकुल धारा निर्माण गर्दै आएको छ। साथै आयोजना क्षेत्रका विभिन्न बैठक, सामुदायिक छलफल, तालिम लगायत समुदायको स्वःअनुगमन लगायतका विविध कार्यक्रमहरू ३३ प्रतिशत विपन्न तथा मूल प्रवाहमा नअटाएका समूहका महिलाहरूको उपस्थितिमा सम्पन्न गर्ने लक्ष्य लिई अगाडि बढ्ने प्रयास थालेको छ। महिला बालबालिका, विपन्न, सीमान्तकृत लगायत सबै जातजातिको समान पहुँच एवं निर्णय क्षमतामा अभिवृद्धिका लागि नेवाले आवश्यक

पहलकदमी गर्दै आएको छ। आगामी दिनहरूमा लैंगिक समानता तथा सामाजिक समावेशीताको विषयलाई अझै जोड दिदै, नेवाले आफ्ना कार्यक्रम कार्यान्वयनमा लैंगिक अवस्थाको परिक्षण (Gender Audit) नियमितरूपमा गर्ने योजना समेत बनाएको छ।

## उपसंहार

विभिन्न अध्ययन अनुसन्धान अनुसार जलवायु परिवर्तनका कारण खानेपानीका मूलहरू घट्दै जाने, सुक्ने र पानीको गुणस्तरमा कमी आउने जस्ता समस्या विश्व्यापी रुपमा देखिन थालेका छन् र सो समस्याबाट नेपाल पनि अलग रहन सक्दैन। नेपालको ग्रामीण क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव विशेष गरी महिला, बालबालिकाहरू, तथा विपन्न समूहलाई परेको देखिन्छ। जलवायु परिवर्तनको प्रभावले खानेपानी, सरसफाइ र स्वच्छतामा पारेको प्रभाव र उक्त प्रभावहरूको सामना गर्न जलवायु उत्थानशील अनुकुलन रणनीतिबारे अध्ययन अनुसन्धान गरी उपयुक्त क्रियाकलापहरू यथाशीघ्र कार्यान्वयन गर्न आवश्यक छ। साथै स्थानीय समुदाय, स्थानीय सरकार, र सम्बन्धित सरोकारवालाहरूको सो विषयमा क्षमता विकास गर्न जरुरी देखिन्छ (Gautam, Sudan M et al=, 2018)। जलवायु परिवर्तनलाई सामना गर्न एकीकृत जलस्रोत व्यवस्थापन नीतिमा लैंगिक विषयलाई महत्वपूर्ण स्थान दिदै जलवायु परिवर्तन अनुकुलन क्रियाकलाप कार्यान्वयनमा जोड दिन आवश्यक छ। जुन विषय महिलाहरूको ज्ञान र अनुभवसँग सम्बन्धित विभिन्न सफलताका कथा तथा तथ्यहरूले पुष्टि गर्दछन्।

*ई. रेशम जंग सिंह*

### सन्दर्भ सामग्री :

*Gautam, Sudan M, N, G=, M, P=, U, P=, N, W=, & Clayton, E= -2018_= Women and Wash in Nepal M Key Issues and Challenges= httpsM÷÷doi=org÷10=26183÷5bc6a2e8c089c*

*GWP, & UNEP–DHI= -2021_= Advancing towards gender mjinstreaming in water resources management= In Global Water Partnership and UNEP–DHI Centre on Water and Environment= httpsM÷÷www=gwp=org÷en÷sdg6support÷gender÷*

*NEWAH= -2022_= Strategic Plan 2022 – 2026, Nepal Water for Health -NEWAH_*

*Regmi, S= -2022_= Engendering The Development Real or Rhetoric, Adroit Publishers 4675÷21, Ganapati Bhawan, Ansari Road, Daryaganj, New Delhi*

# विभिन्न कार्यक्रमका साथ विश्व हात धुने दिवस मनाइयो

प्रत्येक वर्ष अक्टोवर १५ का दिन मनाइने विश्व हातधुने दिवस यस वर्ष पनि विभिन्न कार्यक्रमको आयोजना गरी मनाइयो। Clean hands are within reach अर्थात् हात सफा गर्ने कुरा हाम्रो पहुँचमै छ भन्ने भावको मूल नाराका साथ मनाइएको यो दिवस नेवाले प्रदेश कार्यालय अन्तर्गतका समुदायहरूमा चेतना जागरण तथा उचित तरिकाले साबुन पानीले हात धुने व्यावहारिक अभ्यास गरी मनाइएको थियो।



कर्थली खानेपानी आयोजना, काभ्रेमा सामुदायिक स्वास्थ्य स्वयंसेवक तालिम सञ्चालनका क्रममा साबुन पानीले हात धुने कार्यको प्रदर्शन गर्दै तालिमका सहभागीहरू

यस दिवसलाई सार्थक तरिकाले मनाउने क्रममा नेवा, वागमती प्रदेश कार्यालय सिन्धुली अन्तर्गतका स्थानीय तहहरू कमलामाई र दुधौली नगरपालिकाका साथै मरिण, हरिहरपुरगढी, सुनकोशी, फिक्कल, गोलन्जोर र तीनपाटन गाउँपालिकामा २० वटा र काभ्रे जिल्लाको रोशी र खानीखोला गाउँपालिकाका ११ वटा गरी यस आर्थिक वर्षमा सञ्चालित ३१ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरूमा कार्यरत कर्मचारीहरू, स्थानीय तहका कर्मचारी, खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरू लगायत उपभोक्ताहरूको उपस्थितिमा चेतनामूलक सन्देश लेखिएका ब्यानर, प्लेकार्ड तथा पम्पलेटहरू सहित विभिन्न समुदायको परिक्रमा गरेको थियो।




बागलुङमा आयोजित कार्यक्रमका सहभागीहरू

यसैगरी नेवा, गण्डकी प्रदेश कार्यालय बागलुङको कार्यक्षेत्र बागलुङ र म्याग्दी जिल्लाका अन्तर्गतका १४ वटा समुदायमा यो दिवस विभिन्न सचेतनामूलक कार्यक्रमको आयोजना गरी मनाइयो। कार्यक्रममा नेवाका कर्मचारीहरूले समुदायका सदस्यहरूलाई हातको सरसफाइको महत्व, हात फोहोर हुनसक्ने अवस्थाहरू, जोखिमपूर्ण अवस्थामा साबुनपानीले मिचिमिची हात धुनैपर्ने अवस्था आदि बारेमा जानकारी गराएका थिए।

*विवेक प्रसाद दाहाल/विनोद कोइराला*

# खानेपानी र सरसफाइ प्रणालीको सबलीकरण सम्बन्धी तालिम सम्पन्न

खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणालीको सबलीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ । खानेपानी र सरसफाइ प्रणालीको सबलीकरणका लागि स्थानीय तहको क्षमता अभिवृद्धिमा सहजीकरण गर्न सक्षम बनाउने उद्देश्यले गत २०८० पुष ३ देखि ६ गतेसम्म सञ्चालित यस तालिममा खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा क्रियाशील २० संस्थाहरूबाट २७ जनाको सहभागिता रहेको थियो ।

तालिममा आइआरसी वास सिस्टम्स एकेडेमीले प्रतिपादन गरेको 'दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणालीका आधार स्तम्भहरूका बारेमा व्यापक छलफल गरिएको थियो ।

आइआरसी वास सिस्टम्स एकेडेमीले नीति र कानुन तर्जुमा, संस्था, पूर्वाधार, अनुगमन, योजना, वित्त, नियमन र जवाफदेहिता, जलस्रोत व्यवस्थापन र सिकाई तथाा अनुकुलन गरी नौ वटा विषयलाई खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको आधार स्तम्भका रुपमा लिएको छ । यी आधार स्तम्भको सही परिचालनबाट मात्र खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको सुदृढीकरण हुन सक्ने एकेडेमीको निष्कर्ष छ ।

तालिममा वास क्षेत्रको आधार स्तम्भहरू मध्ये नीति र कानुन तर्जुमाका विषयमा बोल्दै खानेपानी मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर प्रभात श्रेष्ठले खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा बनेका ऐन, कानुन, नीति निर्देशिका र तीनै वटा सरकारको भूमिकाका विषयमा तालिमका सहभागीहरूलाई प्रशिक्षण गराउनुभयो ।

आधार स्तम्भमध्ये अर्को आधार स्तम्भ अनुगमन र योजनाका विषयमा खानेपानी तथा ढल व्यवस्थापन विभागका सिनियर डिभिजनल इन्जिनियर डा. रजित ओझाले प्रशिक्षण दिँदै देशभरिका खानेपानी, सरसफाइ र स्वच्छताको अनुगमन प्रणाली र एनवास एमआइएसको अद्यावधिक अवस्थाका बारेमा जानकारी गराउनुभयो । खानेपानी र सरसफाइ प्रणालीको सबलीकरणका लागि यस क्षेत्रमा क्रियाशील संघ संस्थाको भूमिका सम्बन्धी छलफलमा संघीयतामा खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल (फेडवासन) को भूमिका समय सापेक्ष हुनुपर्ने विषयमा छलफल भएको थियो ।




*मुख्य प्रशिक्षकहरू सहभागीलाई प्रमाणपत्र प्रदान गर्दै*



*तालिमको एक झलक*

दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाहरू प्रदान गर्ने सरकारी, गैरसरकारी तथा निजी संस्थाहरू बीचको सम्बन्ध एक महत्वपूर्ण आधार स्तम्भ भएकाले संघीय, प्रादेशिक र स्थानीय सरकार, सेवा प्रदायकहरू, नियामकहरू, निजी उद्यमीहरू र उपभोक्ता समितिहरू बीच सन्तुलित सम्बन्ध कायम गर्दै दिइने सेवाले मात्र खासस्व प्रणालीको सदृढीकरण हुन सक्ने कुरालाई तालिममा औंल्याइएको थियो ।

तालिमका प्रशिक्षक डा. गंगादत्त नेपालले तालिममा खानेपानी, सरसफाइ र स्वच्छता संरचनाको सबलीकरणका लागि आफ्ना आगामी कार्यक्रमहरूमा समावेश गरेर लैजान आग्रह गर्नुभयो । तालिममा सहभागी २० भन्दा बढी संघसंस्थाले आगामी दिनमा सरसफाइ र स्वच्छता प्रणालीको सबलीकरणका लागि आफ्ना संस्थाद्वारा गरिने कार्यक्रमहरूमा समावेश गर्न कार्ययोजना बनाएका छन् ।

तालिमको समापन गर्दै नेपाल स्वास्थ्यका लागि पानी (नेवा) का निर्देशक ई.रेशम जंग सिंहले तालिमबाट नेपालको खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा ठूलो योगदान पुग्ने बताउनुभयो । उहाँले तालिममा फरक फरक संघसंस्थाहरूको सहभागिताले भविश्यमा नयाँ सहकार्यको थालनी गर्न सकिने सम्भावना समेत देखेको बताउनुभयो ।

निर्देशक सिंहले नेवालाई खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको सिकाई केन्द्र बनाउने बताउनुभयो । 'तीन दशक लामो अवधिमा खानेपानी र सरसफाइ क्षेत्रमा हासिल गरेको अनुभवलाई हामी ज्ञान आदानप्रदान पनि गर्न चाहन्छौं । अब नेवा नलेज हबको रुपमा विकास हुँदैछ' उहाँले भन्नुभयो ।

एजेण्डा फर चेन्जको आयोजनामा भएको तालिमको सहजीकरण आईआरसी (IRC) र नेवाले संयुक्त रुपमा गरेको थियो । एजेण्डा फर चेन्जको नेपाल सहयोग समूहमा केयर नेपाल, हेल्भेटास् नेपाल, वाटर एड र वेल्ट हङ्गर हिल्फे गरी चार वटा संस्थाहरू आवद्ध थिए । तालिमको मुख्य सहजकर्तामा आइआरसी प्रतिनिधि रुचिका शिवा र डा. गंगादत्त नेपाल हुनुहुन्थ्यो ।

*(वासखबर अनलाइन पत्रिकाबाट उद्धृत तथा सम्पादित, फोटोहरू : पि.टी. लोप्चन)*

# आ.व. २०२३/२४ मा सञ्चालन हुने खानेपानी तथा सरसफाइ आयोजनाहरू

स्थापनाकालदेखि नै "दिगो र गुणस्तरयुक्त संरचना हाम्रो पहिचान, सुरक्षित खानेपानी, सफा र स्वच्छ गाउँ हाम्रो अभियान" को मर्मलाई आत्मसात गरेको नेवाले जुलाई २०२३ सम्ममा देशका २२ लाख भन्दा बढी वासिन्दालाई खानेपानी र सरसफाइको आधारभूत सुविधा उपलब्ध गराउन सफल भएको छ । यस संस्थाले आर्थिक वर्ष ०२३/०२४ मा वागमती प्रदेशका सिन्धुली र काभ्रे जिल्ला तथा गण्डकी प्रदेशका बागलुङ र म्याग्दी जिल्लाका २८ हजार पाँच सय बासिन्दालाई खानेपानी सरसफाइ र स्वच्छता सेवा प्रदान गर्ने लक्ष्य लिएको छ। जस अनुसार सिन्धुली जिल्लाका दुई वटा नगरपालिका र छ वटा गाउँपालिकाका २२ वटा समुदायका १,१७२ घर परिवारमा एक घर एक धाराको सुविधा उपलब्ध हुनुका साथै र १५ वटा विद्यालयमा खानेपानी सेवा पुग्नेछ। यसैगरी काभ्रेपलाञ्चोक जिल्लाका दुई वटा गाउँपालिकाका ११ समुदायका ७७९ घर परिवारमा एक घर एक धाराको सुविधा उपलब्ध हुनुका साथै १० वटा विद्यालयमा खानेपानीको सुविधा पुग्नेछ।

आ.व. २०२३/२४ मा बागलुङ जिल्लाका तीन वटा नगरपालिका र एउटा गाउँपालिकाका सात वटा समुदायका ४५४ घरपरिवारमा एक घर एक धारा र आठ वटा विद्यालयमा खानेपानीको सुविधा पुग्नेछ भने म्याग्दी जिल्लाका तीन वटा गाउँपालिकाका ११ समुदायका ८३९ घरपरिवारमा एक घर एक धाराको सुविधा पुगुनका साथै पाँच वटा विद्यालयमा खानेपानकिो सुविधा उपलब्ध हुनेछ।

अगस्ट २०२३ देखि सुरु भई जुलाई २०२४ मा सम्पन्न हुने यी आयोजनाहरूको मध्यवर्ती समीक्षा सकिएको छ । समीक्षामा आयोजनाको प्रगति सन्तोषजनक रहेको र समयभित्रै सम्पूर्ण कार्य सम्पन्न हुने निष्कर्ष प्राप्त भएको छ।

| जिल्ला | पालिका | वडा नं. | आयोजनाको नाम | लाभान्वित | | |
|---|---|---|---|---|---|---|
| | | | | घरधुरी | विद्यालय | जनसंख्या |
| सिन्धुली | दुधौली नगरपालिका | १४ | बाँसबोटे, कुन्द्री | ८७ | २ | ९६६ |
| | गोलञ्जोर गाउँपालिका | १, ६ | दाउन्ने कोकुम, रिठ्ठाबोट भालुभञ्ज्याङ, घोक्सीला पोखरी | १६६ | २ | १३०७ |
| | हरिहरपुरगढी गाउँपालिका | ८ | बाहुनडाँडा | ३३ | ० | १८६ |
| | कमलामाई नगरपालिका | १,२,४,७ | भुमेथान, ढुंग्रेभन्ज्याङ, कफ्लेटार स्वाँरा, सातधारा, श्री वरुणदेवी मावि | २९० | ३ | २३५४ |
| | मरिण गाउँपालिका | १, २, ५ | भदौरेचुक्टे, ज्यामिरे बडला चिसापानी, कटहनडाँडा | १६४ | १ | १२२६ |
| | फिक्कल गाउँपालिका | १,२,३,६ | गैरीगाउँ, गुरुङछाप, खुरहरी, पाथिभरा भोटेगाउँ, सुम्नामबेसी वाक्सुखोला | १९५ | ३ | १६२६ |
| | सुनकोशी गाउँपालिका | २, ३, ५ | खनियाखर्क, लाटिदेवी, शिखरकटेरी देउराली | १२७ | २ | १४०१ |
| | तीनपाटन गाउँपालिका | ८ | तिल्पुङ बजार | ११० | २ | १३३४ |
| | **जम्मा** | | | **११७२** | **१५** | **१०४००** |
| काभ्रेपलाञ्चोक | *खानीखोला गाउँपालिका* | १,२,३,४, ५ | डाँडागाउँ, धनमना भाङटारबेसी, गैरीखोला तालढुङ्गा, जगाते धार्ने खवासे, सार्कीडाँडा खानीडाँडा | ४३९ | ७ | ४३१६ |
| | *रोशी गाउँपालिका* | १,१०,१२ | केराबारी, चुलिनटार खहरे, डाँडाखर्क माथिल्लो पोखरी, गैरी डाँडागाउँ, माथिल्लो केराबारी, नकाउबेसी ताङलिन | ३४० | ३ | २६६० |
| | जम्मा | | | ७७९ | १० | ६९७६ |
| बागलुङ | बडीगाड गाउँपालिका | ६,७,५,१० | जोगिबगर भकभके, काभ्राखर्क, नयाँगाउँ ढाडखर्क, तल्लो असारे जेल | २७८ | ६ | २१०९ |
| | ढोरपाटन नगरपालिका | २ | भ्यालखार्क नयाँपानी | २५ | | १५९ |
| | बागलुङ नगरपालिका | १२ | गौडाकोट, मेहल्बोट | १४८ | १ | ९२५ |
| | *गल्कोट नगरपालिका* | ३ | गल्कोट स्कूल | ३ | १ | १५१० |
| | जम्मा | | | ४५४ | ८ | ४७०३ |
| म्याग्दी | *धवलागिरी गाउँपालिका* | २,४ | खाम्ला, लम्सुङ | १०५ | ३ | ७७२ |
| | मालिका गाउँपालिका | २,७,१ | बिल्बाङ, बिमा, बिमा डाँडागाउँ, दाससिरेदी खोप्ति, कलात भनारी, ठूलोरुम | ५३२ | ५ | ४०९२ |
| | मंगला गाउँपालिका | १,२ | हिडी, खानीगाउँ डिमरेनी, रयालेखोर खुम्लिया | २०२ | ५ | १५६० |
| | जम्मा | | | ८३९ | १३ | ६४२४ |
| | **कुल जम्मा** | | | **३२४४** | **४६** | **२८५०३** |

*कुमार सिलवाल*

# चौध वर्षको पखाईपछि पाएको सुख

बिहान होस् कि बेलुका, गाउँभरिका बालबालिका त्यतिखेर गाउँभरिको खानेपानीको एउटै स्रोतका रूपमा रहेको कुवा वरिपरि नै भेटिन्थे । कतिपयको हातमा किताब हुन्थ्यो । पानी भर्ने पालो पर्खिँदै उनीहरू किताब पढ्थे । आखिर विद्यालय त जानै पर्थ्यो, शिक्षकहरूलाई गृहकार्य बुझाउनै पर्थ्यो । सधैंको र सबैको उस्तै कथा भएकाले यो कुरा त्यतिखेर मानिसहरूलाई नौलो लाग्दैनथ्यो ।

तर बागलुङ जिल्लाको जैमिनी नगरपालिकाको वडा नं. १० को राङखानी गाउँको भेडिखर्क टोलमा १४ वर्ष अघि विवाह भएर आएकी दुर्गा पाण्डे थापालाई भने यो दृष्यले साँच्चै नै छोएको रहेछ। त्यही भएर त आज पनि उहाँ गाउँको त्यतिखेरको अवस्था सम्झिँदा खानेपानीको हाहाकार झल्काउने यही कुरा सम्झनु हुन्छ।

### दुःखबाट छुटकाराको प्रयास

खानेपानीको यस्तै अभावमा गुजारा गर्न बानी परेका भेडिखर्कका वासिन्दाहरूसँग यो दुःखबाट छुटकारा पाउने उपाय पनि थिएन । गाउँ नजिकै पानीको मुहान नभएकाले सानोतिनो खर्चले गाउँमा खानेपानीको व्यवस्था गर्न सकिने अवस्था थिएन। गाउँभन्दा निकै तल रहेको स्रोतबाट बिजुलीले पानी गाउँमा तान्न सकिने कुरा उनीहरूलाई थाहा थियो, तर यो काम गर्न उनीहरू आर्थिक रूपमा सक्षम थिएनन्। कतैबाट आर्थिक सहयोग नपाएर उनीहरू निराश थिए।

यस्तै निराशाजनक अवस्थाका बीच स्थानीय वासिन्दाहरूले नजिकैको नाम्दुक गाउँमा नेवा संस्था र नगरपालिकाको साझेदारी तथा स्थानीय वासिन्दाको सक्रियतामा खानेपानी आयोजना निर्माण भइरहेको थाहा पाए। उनीहरूले पनि नेवा मार्फत काम गर्ने सोच बनाएर नगरपालिका पुगेर आफ्नो गाउँको खानेपानीको समस्या समाधान गर्न अनुरोध गरे। यो अनुरोधलाई नेवाले स्वीकार गरेर नगरपालिकाको सहजीकरणमा नेवाले २०७७ सालमा झाँक्रीस्थान मुहानबाट लिफ्ट गरेर गाउँको शिरमा पानी ल्याई राङखानीको भेडीखर्क टोलका ३९ घरपरिवारलाई नै घरैपिच्छे धारा जडान गर्नका लागि सर्भेक्षण गऱ्यो ।



*उपभोक्ता समिति अध्यक्ष दुर्गा पाण्डे थापा*

यो सर्भेक्षण सम्पन्न भएपछि बल्ल आफ्नो मनमा अब खानेपानीको दुःख मेटिने भयो भन्ने आशा पलाएको दुर्गा पाण्डे थापा बताउनु हुन्छ।

खानेपानी आयोजना निर्माण हुने सबै वातावरण तयार भए पनि आयोजना निर्माणका लागि गर्न संस्थाको नियमानुसार श्रमदान गर्नुपर्ने कुरा आएपछि अघि सर्ने कोही नभएपछि भने १४ वर्षसम्म आफूले भोगेको दुःख सम्झेर दुर्गा पाण्डे थापा आफू नै उपभोक्ता समितिको अध्यक्ष बन्ने हिम्मत गर्नुभयो।

### आयोजनाको निर्माण र समुदायको सक्रियता

२०७८ सालमा निर्माण शुरु हुने भनिए पनि विभिन्न कारणले आयोजना २०७९ सालको श्रावण देखि मात्र शुरु भयो । "एक वर्ष कुर्नुपर्दा आयोजना निर्माण नहुने पो हो कि भन्ने शंका लाग्थ्यो, तर नेवाबाट आयोजना निर्माण भएरै छाड्ने आश्वासन पाएपछि मन ढुक्क हुन्थ्यो" दुर्गा भन्नुहुन्छ । आखिरमा बिस्तारै काम शुरु भयो, सबै काम सहज हुँदै गयो । जन-सहभागिता जुटाउन सहज भए तापनि नगद रकम उठाउन भने शुरुमा केही कठिन भएको थियो । तर नेवाको सहजीकरणले यो काम पनि सफलतापूर्वक सम्पन्न भयो । खानेपानी प्रणाली निर्माणका साथै समुदायमा सरसफाइ र स्वच्छता प्रवर्द्धनको कार्यक्रम सञ्चालन भएको थियो । सबैका घरमा भाँडाकुँडा माझ्ने स्ल्याब र सुकाउने चाङ निर्माण हुन थाले। पहिले फोहोर देखिने घर आँगन र बाटाघाट सफा देखिन थाले। खानेपानीको कामका नेवा र नगरपालिकाले सहयोग गरेको थियो भने सरसफाइ प्रवर्द्धनका सम्पूर्ण काम भने समुदायका मानिसहरू आफैले गरेका थिए।



*मुहान र पहिलो तहको लिफ्ट प्रणाली*



*दोस्रो तहको लिफ्ट प्रणाली*



*गाउँको शिरानमा रहेको पानी वितरण गर्ने ट्याङ्की*

## प्रदेश सरकारको निर्णयले मिलेको राहत

पानीको मुहान गाउँभन्दा निकै तल भएकाले दुई तह (पाइपलाइनको बीचमा बनाइएको ट्यांकीमा पानी जम्मा गरेर त्यहाँबाट फेरि अर्को पम्पले पाथी माथिल्लो ट्यांकीमा पठाउने तरिका) बाट मात्र पानी गाउँमा आइपुग्ने भयो । किनभने मुहानदेखि गाउँको शिरानमा बनिने रिजर्भभ्वायरसम्मको ठाडो दूरी २ सय ८९ मिटर थियो भने त्यहाँसम्म १३३० मिटर लामो पाइप लाइन निर्माण गर्नु पर्ने देखियो ।

यसले एकातिर आयोजनाको शुरुआती खर्च बढायो भने मर्मत सम्भार र रेखदेखमा पनि बढी नै ध्यान दिनु पर्ने भयो । त्यो भन्दा पनि मुख्य कुरा चाहिँ एकै पटक दुई ठाउँमा बिजुलीबाट पम्प चलाउनु पर्ने हुँदा बिजुलीको महशुल पनि बढी आउने नै भयो । तर गण्डकी प्रदेश सरकारले खानेपानी लिफ्ट गर्दा लाग्ने बिजुलीको महशुल निशुल्क गरिदिने निर्णयले उनीहरूलाई ठूलो राहत मिलेको छ । त्यसो त उनीहरू हाल विद्युत प्राधिकरणलाई खानेपानी लिफ्ट गरे बापत सालाखाला चार हजार पाँच सय रूपैयाँ बुझाइरहेका छन् । तर आर्थिक वर्षको अन्त्यमा त्यो सबै रकम प्रदेश सरकारले उपभोक्ता समितिको बैंक खातामा जम्मा गरिदिने भएको छ । “यो निर्णय साँच्चै नै जनताको पक्षमा छ” उपभोक्ता समिति अध्यक्ष पाण्डे भन्नु हुन्छ ।

यसरी विद्युतीय लिफ्ट प्रविधिको प्रयोग गरेर आयोजना निर्माण गरी समुदायका ३९ वटै घरमा पानी पुगेपछि अहिले समुदायका मानिसहरू निकै हर्षित भएका छन् । खानेपानीको मात्र नभइ सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रमले पनि समुदायमा राम्रो प्रभाव परेको छ । व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइमा भएको प्रगतिले गर्दा मानिसहरू सफा सुग्घर भएका त छन् नै, घर वरपर र बाटोघाटो पनि सफा सुग्घर भएको छ ।

घर घरमा खानेपानीको सुविधा भएपछि मानिसहरूको पानी भर्दा खर्च हुने समयको बचत भएको छ । बढी भएको र प्रयोग गरेर खेर गएको पानीको सदुपयोग गरी मानिसहरूले तरकारी खेती गर्न थालेका छन् ।

उपभोक्ता समितिले आयोजनाको सबै हिसाब किताब दुरुस्त राखेको छ । नेवा संस्थाको ५९ लाख ५८ हजार ६ सय रूपैयाँ, जैमिनी नगरपालिकाको १४ लाख १८ हजार र उपभोक्ताको १ लाख २४ हजार रूपैयाँका साथै ५ लाख ६० हजार रूपैयाँ बराबरको श्रमदान गरी जम्मा ८० लाख ६१ हजार रूपैयाँको लागतमा आयोजना सम्पन्न भएको अध्यक्ष थापाले बताउनु भयो । आयोजनालाई दिगो राख्न प्रत्येक घरपरिवारले मासिक तीन सय रूपैयाँ महशुल तिर्ने गरेको र यसैबाट बिजुलीको महशुल, मर्मत सम्भार कोषमा राख्ने र एक जना हेरालुलाई मासिक चार हजार रूपैयाँ पारिश्रमिक समेत दिने गरेको पनि उहाँले बताउनु भयो ।

यसरी कुनै बेला पानी पैंचो समेत नपाइने भेडीखर्क गाउँको ठूलो दुःख आज पानीले धोइदिएको छ ।



*भेडिखर्कका घर घरमा बनेका धारा*

*भेडीखर्क खानेपानी तथा सरसफाइ उपभोक्ता समितिकी अध्यक्ष दुर्गा पाण्डे थापासँगको कुराकानीमा आधारित । प्रस्तुती तथा फोटो : विनोद कोइराला*

**कविता**

## पानी बिना चल्दैन संसार यहाँ

*पानी बिना चल्दैन संसार यहाँ*
*संरक्षण गरौं पानीका स्रोत छन् जहाँ*
*नफाडौं वन जङ्गल मुहान चारैतिर*
*काकाकुल हुने अवस्था आउनेछ आखिर*
*डाँडापाखा सबैतिर बिरुवा रोपौं*
*पानी हो अमृत यसको सदुपयोग गरौं*
*पानीले गर्दा समाजमा द्वन्द्व नहोस्*
*धनी गरीब सबको तिर्खा मेटियोस्*
*पानीले ल्याओस् समानता र शान्ति*
*बढोस् सबको अनुहारमा कान्ति*
*ठाउँ ठाउँमा अब रिचार्ज पिट हुनु पर्छ*
*आकाशे पानीले पुनर्भरण गर्नु पर्छ*
*प्रकृतिको अमूल्य उपहार पानी*
*संरक्षण गरौं यति कुरा जानी*

*रामबहादुर बुढा*


# लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न

प्रत्येक वर्ष नोभेम्वर २५ मा मनाइने लैङ्गिक हिंसा अन्त्य दिवसदेखि लिएर डिसेम्बर १० मा मनाइने विश्व मानव अधिकार दिवस बीचको १६ दिनलाई विश्वव्यापी रूपमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका रूपमा मनाइने गरिएको छ। कसैले पनि, कुनै पनि स्थानमा, कहिल्यै पनि हिंसा र दुर्व्यवहार भोग्नु नपरोस् भन्ने उद्देश्यका साथ हिंसा र दुर्व्यवहार विरूद्ध सचेतना फैलाउनका लागि यो अभियान सञ्चालन गर्ने गरिन्छ। यस वर्षका लागि यस अभियानको मुल नारा '**लैंगिक हिंसा अन्त्यको सुनिश्चितता : महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता**' को मर्मलाई आत्मसात गर्दै नेवा प्रदेश कार्यालय सिन्धुली र बागलुङका आयोजना क्षेत्रमा विभिन्न कार्यक्रमको आयोजना गरेर मनाइएको छ। यस अभियानले महिलाहरूमाथि हुने विभेद र हिंसाको अन्त्य गर्ने उद्देश्यका साथ स्थानीय सरकार, संघ/संस्था, नागरिक समाज, महिला संघ संगठन लगायतका अन्य सरोकारवाला निकायहरूसँग ऐक्यवद्ध हुन प्रेरित गर्ने गर्छ।

नेवाको ध्येय मूलतः समुदायमा सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन भए तापनि लैंगिक तथा सामाजिक समावेशीकरणको नीतिलाई आत्मसात गरेको हुनाले यस्ता दिवस बनाउन नेवाको सदैव अग्रसरता रहने गर्छ। यसै सिलसिलामा विगतमा झैं यसपटक पनि नेवा प्रदेश कार्यालय सिन्धुलीले यस जिल्लाका हरिहरपुरगढी गाउँपालिका, मरिण गाउँपालिका, गोलन्जोर गाउँपालिका, फिक्कल गाउँपालिका र सुनकोशी गाउँपालिका तथा कमलामाई नगरपालिका र दुधौली नगरपालिका लगायत काभ्रे जिल्लाका खानीखोला गाउँपालिका र रोशी गाउँपालिकाका विभिन्न वडाहरूमा संचालित खानेपानी तथा सरसफाइ आयोजनामा कार्यरत कर्मचारी, स्थानीय तहका कर्मचारी खानेपानी तथासरसफाइ उपभोक्ता समितिका पदाधिकारीहरू लगायत अन्य सरोकारवालाहरूको सहभागितामा विभिन्न टोल/बस्ती तथा समुदायहरूमा वृहत छलफल, गोष्ठी, स्यानिटरी प्याड निर्माण तथा वितरण गरिएको छ। यसका साथै आयोजना अन्तर्गतका विद्यालयहरूका छात्रछात्राहरूका लागि वक्तृत्वकला प्रतियोगिता एवं छलफल गरेको छ। अभियानकै क्रममा आयोजना क्षेत्रमा विभिन्न सचेतना र सन्देशमूलक सन्देशहरू सहित र्‍यालीको आयोजना पनि गरियो। यस



*लैङ्गिक हिंसा विरुद्धको दिवस मनाउँदै समुदायका सदस्यहरू*




क्रममा उल्लिखित दुवै जिल्लाका विभिन्न स्थानीय तहका विभिन्न खानेपानी तथा सरसफाइ आयोजनाका उपभोक्ता र विद्यालयका शिक्षक एवं विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

यसैगरी बागलुङ र म्याग्दी जिल्लाका वटा १६ समुदायमा विभिन्न कार्यक्रमको आयोजना गरी यो अभियान सञ्चालन गरियो। बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका, बडिगाड गाउँपालिका, बागलुङ नगरपालिका र म्याग्दी जिल्लाको मंगला गाउँपालिका, धवलागिरी गाउँपालिका र मालिका गाउँपालिकामा सञ्चालित यस अभियानमा महिला हिंसा तथा घरेलु हिंसा विरुद्धको विभिन्न सन्देशमूलक नारा सहित र्‍यालीको आयोजना गरिएको थियो।

यस अभियानमा नेवाका सहजकर्ताहरूले समुदायका मानिसहरूलाई महिला हिंसा के हो, महिला हिंसा कसरी हुन्छ, लैङ्गिक विभेद र हिंसा रोकथामका लागि के कुराहरूमा ध्यान दिनु पर्छ र यस्ता हिंसा भएमा कसरी र कहाँ उजुरी गर्ने भन्ने जस्ता जानकारीहरू दिएका थिए।

## महिला हिंसा विरुद्धका पहलहरू

घरेलु हिंसा उन्मूलनका लागि नेपालमा घरेलु हिंसा विरुद्धको ऐन, २०६६ एवं घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७ को व्यवस्था भएको छ भने नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत धारा ३८ मा महिला हकको व्यवस्था गरेको छ। यस्तै, दिगो विकास लक्ष्य, २०३० ले पनि लक्ष्य ५ मा लैङ्गिक समानतालाई जोड दिएको छ। लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान पनि यसै सिलसिलाको एउटा कदम हो, जसले महिला हिंसा उन्मुलन गर्न राज्य र समाजलाई प्रभावित गर्दछ।

*लक्ष्मण मोची/बालकुमारी महतो*

# नयाँ वर्षसँगै आउँदैछ सुरक्षित खानेपानी

वर्तमान समयमा ९५ प्रतिशत नेपालीहरूले आधारभूत तहको खानेपानी सुविधा पाएको तथ्याङ्क छ । यो सुविधाबाट वञ्चित बाँकी पाँच प्रतिशत नेपालीहरू को हुन् ? कुन ठाउँमा बसोबास गर्छन् ? उनीहरू कस्तो स्रोतको पानी खान्छन् ? खानेपानीका लागि उनीहरूले कति दुःख गरेका होलान् ? त्यसबाट उनीहरूको स्वास्थ्यमा कस्तो असर परिरहेको छ ? शायद यस्ता कुरामा हामीले विचार पुऱ्याएका हुँदैनौं ।

म्याग्दी जिल्लाको मंगला गाउँपालिका वडा नं. २ अन्तर्गत पर्ने न्यालेखोर, भाइबाङ र खुम्लिया टोलमा पुग्दा यी सबै प्रश्नहरूको उत्तर पाइन्छ। भिरालो र विकट भौगोलिक बनावट र न्यून आय स्रोत भएको यस समुदायका वासिन्दाहरूको साझा समस्या भनेकै स्वच्छ र सुरक्षित खानेपानी रहेको छ । उनीहरूले आफ्नै पहलमा गाउँसम्म अस्थायी पाइपबाट खानेपानी ल्याएर उपभोग गर्दै आइरहेका छन् । यस्तो समस्या भोग्ने यहाँका वासिन्दा मात्र होइनन्, यो सुरक्षित खानेपानीको सुविधाबाट वञ्चित सबैको साझा समस्या हो ।



गोर्ख बहादुर शाही

गाउँमा अस्थायी किसिमले ल्याइएको पानी भर्दै स्थानीय वासिन्दा लक्ष्मण शर्मा

दुई दशकभन्दा बढी समयसम्म यसरी नै खानेपानीको गुजारा गर्दै आएका यहाँका मानिसहरूका लागि सुक्खा याममा पानीको अभाव हुने, बर्खा याममा धमिलो पानी आउने जस्ता समस्या नौलो छैन। यहाँ सुरक्षित खानेपानीको अभावमा लाग्ने रोगव्याधिले पुऱ्याएको असरको लेखाजोखा पनि कहिल्यै भएको छैन। पानी उपलब्ध हुनु नै ठूलो कुरा भएको ठाउँमा यसको गुणस्तरमा ध्यान दिने कुरै भएन।

गाउँकै केही सचेत मानिसहरूले अरु समुदायका मानिसले व्यवस्थित रूपमा खानेपानी सुविधा उपभोग गरेको देखेपछि आफ्नो समुदायमा पनि खानेपानी आयोजना निर्माणका लागि गाउँपालिकासँग हारगुहार गर्न थाले । "हाम्रो पटक पटकको प्रयासपछि गाउँपालिकाले नेवा संस्थासँग हाम्रो समुदायमा खानेपानी आयोजना निर्माणका लागि गरेको अनुरोधपछि मात्रै हामीले पनि सुरक्षित खानेपानी उपभोग गर्ने वातावरण बनेको हो।" स्थानीय वासिन्दा लक्ष्मण शर्मा बताउनु हुन्छ।



गोर्ख बहादुर शाही

आयोजना अन्तर्गत बनेको धारा

आर्थिक वर्ष २०७९/०८० मा नेवाले आयोजनाको सर्भेक्षण गरेपछि स्थानीय वासिन्दाहरूमा नयाँ उत्साह पलाएको कुरा शर्मा बताउनु हुन्छ। यसपछि आर्थिक वर्ष २०८०-०८१ मा नेवाको करिव ३९ लाख रूपैयाँ आर्थिक तथा प्राविधिक सहयोग र मंगला गाउँपालिकाको २७ लाख रूपैयाँ आर्थिक सहयोग तथा उपभोक्ताहरूको नगद योगदान करिव चारलाख रूपैयाँ र करिव २३ लाख रूपैयाँ बराबरको जनश्रमदान समेत गरी ९२ लाख ३३ हजार रूपैयाँको लागतमा १०६ घरधुरी दुई वटा विद्याालय समेत गरी १०८ धारा निर्माणको कार्य भइरहेको छ। हाल आयोजना निर्माणको काम अन्तिम चरणमा पुगिसकेको छ।

नयाँ वर्ष २०८१ को आगमनसँगै यस समुदायका मानिसहरूले सुरक्षित खानेपानी उपभोग गर्न पाउने वातावरण बनेको छ।

*गोर्ख बहादुर शाही*

## कविता

### एउटा यस्तो गाउँ छ

*मेरो देशको कुनामा एउटा विकट गाउँ छ*
*सफा र स्वच्छ बनाउनै पर्ने त्यो ठाउँ छ*
*शिक्षा स्वास्थ्य र रोजगारी नभएको गाउँ छ*
*आनीबानी र व्यवहार परिवर्तन ल्याउनै पर्ने ठाउँ छ*
*बेथिति र कुरीतिमा अल्झिने त्यहाँको परम्परा छ*
*सफा र स्वच्छ गाउँ घोषणा अभियान सञ्चालन गर्नै पर्नेछ*
*सजिलो छैन परिवर्तन गर्न किनकी विकट ठाउँ छ*
*चेतनाको दियो बल्न नदिने रुढीवादी हावा व्याप्त छ*
*परिवर्तन ल्याउन जस्तोसुकै कठिनाइ आत्मसात गर्न मन छ*
*एक दिन सफा र स्वच्छ गाउँ घोषणा भएको हेर्ने मन छ।*

*गोर्ख बहादुर शाही*

# अन्त्य भयो सुत्केरी हुनु अघि खानेपानीको जोहो गर्नु पर्ने बाध्यता

परिवारमा कोही सुत्केरी हुनेछ भने उनका लागि के के कुराको जोहो गरिन्छ होला ? हाम्रो नेपाली समाजको चलन अनुसार क्षमताले भ्याएसम्म पोसिला खानेकुरा, आमा र शिशुका लागि न्याना र सुविधाजनक लुगाफोटो आदि । तर हाम्रा कतिपय गाउँठाउँ त त्यस्ता पनि रहेछन्, जहाँ गर्भवती आफैंले नै सुत्केरी हुनु अघिल्लो दिनसम्म पनि खानेपानीको जोहो गर्नु पर्दोरहेछ। पोसिला खाना र न्याना नाना त टाढाको कुरा हुँदा रहेछन् ।

सुन्दै अचम्म लाग्ने यो वास्तविकताले हाम्रो समाजमा अझै पनि खानेपानी जस्तो आधारभूत सुविधाबाट वञ्चित मानिसहरू धेरै छन् भन्ने कुराको झलक दिन्छ।

यो उदाहरण हो, सिन्धुली जिल्लाको कमलामाई नगरपालिका वडा नं. १० को रानीचुरी रंगमहल गाउँको । केही समय अघिसम्मको कुरा गर्ने हो भने पनि यहाँका वासिन्दाले भोग्दै आएको खानेपानीको दुःख बयान गरेर साध्य थिएन । एक गाग्री पानी ल्याउन पनि गाउँभन्दा एक घण्टा तल झर्नु पर्ने बाध्यता, सुक्खा याममा अलि ढिलो कुवामा पुगियो भने त रित्तो गाग्री बोकेर फर्कनु पनि यहाँका लागि नौलो कुरा थिएन ।

## चरम अभावका दिन

२०७३ सालमा नेपाल सरकारको शहरी विकास योजनाले रानीचुरी रंगमहलका ४३ घर परिवारका लागि केही सार्वजनिक धारा निर्माण गरिदिएपछि खानेपानीको समस्या केही हदसम्म समाधान भएको थियो । तर बिहान एक घण्टा आउने पानी भर्ने होडबाजीमा गाउँले बीच झगडा पर्ने गर्थ्यो । गाग्रीको लाइनमा त्यहाँ पनि घण्टौं बस्नु पर्ने बाध्यताले गर्दा मानिसहरूले गाउँमा खानेपानी सुविधा भएको भनेर खुशी हुन कहिल्यै पाएका थिएनन् । यस समुदायमा खानेपानी तथा सरसफाइ आयोजनाको संभाव्यता अध्ययनको क्रममा पुग्दा गाग्रीको लहरसँगै उभिएकी एक जना गर्भवती बहिनीलाई मैले भनें "बहिनी, यस्तो अवस्थामा यति ठूलो गाग्रीमा पानी बोक्नु हुँदैन त । अरु कोही छैनन् पानी बोकिदिने ?" उनको उत्तर आयो "के गर्नु दिदी, यस्तो काकाकुल बस्तीमा बिहे भयो, डाक्टरले पर्सी सुत्केरी हुने 'डेट' दिएको छ । यही बेला काम पाएर श्रीमान बिमान जानुभएको छ, अलिकति भए पनि पानी जम्मा गरी राख्न पाए बच्चा जन्मेपछि दुई दिन भए पनी आराम हुन्थ्यो । घरमा अरु पानी बोक्ने मान्छे छैन ।"

रानीचुरी रङ्गमहल गाउँकी इन्दिरा भुजेलको यो बाध्यताले सबैलाई आधारभूत खानेपानीको सुविधा पुऱ्याउन अझ धेरै काम गर्नु पर्ने संकेत गर्छ ।

## फेरिएको अवस्था

यस समुदायमा व्याप्त खानेपानीको अभाव हटाउनका लागि नेवा र कमलामाई नगरपालिकाको साझेदारीमा खानेपानी तथा स्वच्छता सरसफाइ कार्यक्रम सञ्चालन भएपछि पानीको जोहो गरेर बस्नु पर्ने र पानी पैंचो माग्नु पर्ने जस्ता बाध्यताको अन्त्य भइसकेको छ। गाउँदेखि निकै तल रहेको मुहानबाट बिजुली पम्पले पानी तानेर गाउँमाथिको ट्याङ्कीमा पानी ल्याएर प्रत्येक घरघरमा धारा निर्माण गरी पानी वितरण गर्ने योजना अनुसार आयोजनाको सम्पूर्ण काम सम्पन्न भएको छ । हाल यस गाउँका हाल कायम भएका ४१ वटै घर परिवारका तीन सय जनसंख्या लाभान्वित भएका छन् ।




*आफ्नो धाराको छेउमा बच्चा सहित इन्दिरा भुजेल*

आयोजना सम्पन्न भएपछि यस गाउँमा पुग्दा इन्दिराको बच्चा जन्मेर वर्ष दिनको भइसकेको रहेछ। "पानीको चरम दुखका बेलामा जन्मिएको मेरो बच्चाले हामीले जसरी दुख गर्नु नपर्ने भयो, यसलाई घरकै धारामा नुहाइदिन पाउँदा झनै खुशी लागेको छ।" परिवर्तित अवस्था झल्काउने इन्दिराको यो भनाईले आयोजनाबाट स्थानीय वासिन्दाहरू कति धेरै लाभान्वित भएका रहेछन् भन्ने प्रष्ट हुन्छ।

यस वडाका वडाध्यक्ष दीपबहादुर कार्की भन्नुहुन्छ "नेवाको सहयोग र साझेदारीमा यो नगरपालिकाकै सबभन्दा बढी पानीको दुःख भएको ठाउँमा योजना सञ्चालन गरीदिएर ठूलो गुन लगाएको छ । हामी यो आयोजनालाई दिगो राख्न शुरुदेखि नै लागिपरेका छौं ।"

यसरी यो समुदायमा खानेपानीको हाहाकारको अन्त्य भएर बल्ल यो गाउँ आफ्नो नाम जस्तै रानीचुरी रंगमहल भएको छ । मानिसहरूले घर घरमा खेर गएको पानीबाट करेसाबारी लगाएका छन् । गाउँघरको वातावरण स्वच्छ भएको छ । अब इन्दिरा जस्ता अरु कसैलाई यस गाउँकी बुहारी बनेर आएकोमा पछुतो हुने छैन ।

*भगवती सापकोटा*

# परदेशबाट फर्केका टेकबहादुरको जीवनमा सुख फर्क्यो

बालखकालदेखि उमेर छिप्पिँदासम्म दुःखले कहिल्यै छाडेन टेकबहादुरलाई । १४ वर्षको उमेरदेखि नै घरायसी काममा होमिनु परेपछि उहाँले कहिल्यै पनि अरुले जस्तो बालापनको तनाव रहित जीवन बाँच्न पाउनुभएन । न त किशोरावस्थामा साथीभाइले जस्तो हाँसखेल गर्ने फुर्सद जुट्यो उहाँलाई । घरमा आमालाई सघाउने कोही नभएकाले उहाँ आमाकै करमा १५ वर्षको कलिलो उमेरमा विवाह गर्न बाध्य हुनुभयो । कलिलै उमेरमा तीन जना सन्तान भए । गाउँमा बसेर तीन छोरा र श्रीमती सहितको परिवारको राम्रो गुजारा हुन नसकेपछि सुखको खोजीमा भारत पलायन हुनुभएका टेक बहादुर आफ्नो सक्रिय र काम गर्ने समय भारतमै खपत गरेर बूढेसकालमा भने श्रीमती सहित थातथलोमै टेक्न आइपुग्नुभयो ।

हो, जीवनको ७० हिउँद पचाइसकेका टेक बहादुर पुलामी चार वर्ष अघि काभ्रेपलाञ्चोक जिल्लाको बेथानचोक गाउँपालिका वडा नं. ६, महाँकालचौर स्थित आफ्नो पुर्ख्यौली थलोमा फर्किनु भएको छ । लामो समयसम्म देश छाडेर हिँडेपनि गाउँमा बाबुबाजेले जोडेको जग्गाजमिन थियो, त्यहीँ दश नङ्ग्रा खियाएर बाँकी जीवन बिताउने निश्चय गरेका टेकबहादुरले आफ्नो ठाउँ वरपर परिवर्तनका झिल्काहरू पनि प्रशस्त देख्नुभयो । अब त गाउँमै सडक र बिजुली आइपुगेछ । विद्यालय, स्वास्थ्य चौकी पनि गाउँमै बनिएछन् । राज्यले दिने धेरै सुविधा पालिकाबाटै पाइन थालेछ । तर सासै धान्न नभइनहुने पानीको दुःख भने अहिले पनि उस्तै रहेछ ।

"आफ्नै रहरले गाउँ फर्केको मलाई यहाँ अरु सबै कुरा राम्रो थियो, तर पानीकै दुःखले तर्साइरहन्थ्यो" टेकबहादुर भन्नुहुन्छ । एक गाग्री पानी लिन यो उमेरमा गाउँको पुछारको धारामा पुग्नु पर्ने बाध्यताले गर्दा कहिलेकाहीँ किन पो गाउँ फर्कैछु जस्तो पनि लाग्थ्यो उहाँलाई । गाउँमा बसेपछि एक दुई माउ गाई पाल्नै पऱ्यो, तिनलाई घाँसले अघाउन सके पनि टाढाबाट बोकेर ल्याएको पानीले अघाउन निकै मुस्किल थियो । फर्केर फेरि मुग्लान जाने मन थिएन, यहाँ सुखपूर्वक बस्न पानीको अभाव थियो । तर यत्तिकैमा उहाँको जीवनमा नयाँ आशा पलायो । समुदायमा २०७९ भाद्र महिना नेवा संस्था भित्रियो ।



पानीले ल्याएको खुशी : टेकबहादुर दम्पति आफ्नो धारा छेउमा



शौचालय सफा गर्दै टेकबहादुर

नेवाले समुदायमा "एक घर एक धारा" को नीति अनुसार खानेपानी सुविधा उपलब्ध गराउने र सरसफाइ एवं स्वच्छता कार्यक्रम समेत सञ्चालन गर्न थालेपछि समुदायका सबै मानिसहरू पालिका र नेवासँग उक्त काममा हातेमालो गर्न थाले । २०८० साउन १३ मा समुदायका ३२० धारामा पानी आएपछि गाउँलेहरूको खुशीको सीमा रहेन ।

### अनि आयो सबभन्दा खुशीको क्षण

समुदायलाई खुला दिसामुक्त बनाउने क्रममा जसोतसो निर्माण भएका शौचालयहरू प्रयोग विहीन हुन थालेका थिए । घर देखि अलि टाढा रहेका त्यस्ता अव्यवस्थित शौचालयहरू खासगरी वृद्धावस्था र शारीरिक रूपमा अशक्त मानिसहरूका लागि प्रयोग गर्न कठिनाई थियो । तर नेवाले सरसफाइ र स्वच्छता प्रवर्धनका लागि सञ्चालन गरेको चेतना जागरण कार्यक्रमको समुदायमा धेरै राम्रो प्रभाव पऱ्यो । सरसफाइको महत्व बुझेर टेकबहादुर दम्पतिले पाउँदै आएको वृद्धभत्ता जम्मा गरेर करिव ३५ हजार रूपैयाँको लगानीमा घर छेउमै पक्की शौचालय बनाएर प्रयोग गर्न थाल्नुभयो । नेवाका वरिष्ठ सरसफाइ तथा स्वच्छता सहजकर्ता नवराज सुवेदी र वडाध्यक्ष विष्णु तामाङ लगायतको टोलीले समुदायको सरसफाइ अवस्थाको अनुगमन गर्ने क्रममा टेकबहादुरको चर्पीको संरचना निर्माण र प्रयोग राम्रो रहेको प्रमाणित गऱ्यो, जसले गर्दा उहाँ 'सफा स्वच्छ समुदाय' घोषणाको समयमा सफा स्वच्छ घर तथा शौचालयबाट पुरस्कृत समेत हुनुभयो । ७० वर्षको उमेरमा आफूले यो पुरस्कार पाएको दिन टेकबहादुर र उहाँकी श्रीमती आफ्ना लागि अहिलेसम्मकै सबैभन्दा खुशी दिन भएको बताउनु हुन्छ ।

अब त टेकबहादुर दम्पति मात्र होइन, महाँकालचौर खानेपानी आयोजना अन्तर्गतका सबै उपभोक्ता घरघरमा धारा पाएर धेरै नै खुशी छन् । गाउँघरको वातावरण स्वच्छ भएको छ । वडाध्यक्ष विष्णु तामाङ पनि नेवाको सहयोग र सहजीकरणले जीवन सहज भएको बताउनु हुन्छ ।

✍ *तेज बहादुर बोहरा*

# नेवाको एकतीसौं साधारण सभा तथा सामाजिक परिक्षण सम्पन्न

नेवाको एकतीसौं साधारण सभा र सामाजिक परिक्षण सम्पन्न भएको छ। गत २०८० असोज १४ गते काठमाडौंमा सम्पन्न यस कार्यक्रममा खानेपानी मन्त्रालय, खानेपानी विभाग, समाज कल्याण परिषद् लगायत सरकारी निकायका प्रतिनिधि, खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा क्रियाशील विभिन्न संघसंस्था र कार्यक्रम सञ्चालित बागलुङ, सिन्धुली र काभ्रेपलाञ्चोक जिल्लाको विभिन्न गाउँपालिकाका जनप्रतिनिधि र नेवाका कार्यसमिति सदस्य एवं साधारण सदस्यहरू, पूर्व कर्मचारी तथा नेवा प्रधान कार्यालय र प्रदेश कार्यालयका कर्मचारीको सहभागिता रहेको थियो ।

साधारण सभामा नेवाका निर्देशक ई. रेशम जंग सिंहले नेवाको परिचयात्मक प्रस्तुतीकरण गर्दै नेवाले हालसम्म २२ लाख ६ हजार ८ सय ४४ जनसंख्यालाई खानेपानी, सरसफाइ र स्वच्छताको पहुँच पुऱ्याएको बताउनु भयो । उहाँले यस क्रममा कुल २ हजार ६ सय ७१ वटा खानेपानी तथा सरसफाइ आयोजना निर्माण गरी ३ लाख ४६ हजार ५ सय ३ घरधुरीमा खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधा पुऱ्याएको जानकारी गराउनुभयो ।

हाल नेवाले सरकारको 'एक घर एक धारा' नीतिलाई अबलम्बन गरेको जानकारी दिंदै निर्देशक सिंहले नेवाले सुरुका वर्षदेखि केही समय पहिलेसम्म सामुदायिक धाराहरू निर्माण गरेको र त्यस्ता धाराको संख्या ४७ हजार २ सय ४६ वटा बनेका जानकारी गराउनुभयो । यस क्रममा उहाँले नेवाले देशका विभिन्न विद्यालयहरूमा गरी ७ सय ९१ वटा धारा र ६ सय ८५ वटा चर्पीहरू निर्माण गरेको पनि जानकारी गराउनुभयो ।

## सामाजिक परिक्षण प्रतिवेदन प्रस्तुत

साधारण सभाकै अवसरमा नेवाको सामाजिक परिक्षण प्रतिवेदन २०८० समेत प्रस्तुतीकरण गरिएको थियो । आर्थिक वर्ष २०७९/८० मा च्यारिटी वाटर अमेरिकाको सहयोगमा सञ्चालित आयोजनाहरूको समीक्षा एवं लाभग्राहीको सन्तुष्टि र आयोजनाले समुदायमा पारेको प्रभावको सत्य तथ्यको संकलन र विश्लेषण गर्ने उद्देश्यले गरिएको सामाजिक परिक्षणबाट नेवाको सीधै स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम




*साधारण सभामा आमन्त्रित पाहुना तथा विशिष्ट व्यक्तिहरू*

नभए पनि अप्रत्यक्ष रुपमा समुदायको स्वास्थ्यमा परिवर्तन ल्याउने काम भएको पाइएको सामाजिक लेखापरिक्षक देवीका तिमल्सिनाले बताउनुभयो । सामाजिक परिक्षण प्रतिवेदन प्रस्तुतीकरण गर्दै उहाँले दिगोपना र अपनत्वको अनुभूति दिनका लागि जनप्रतिनिधिसँग अन्तर क्रिया गर्नुपर्ने, स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई जोड दिनुपर्ने सुझाव दिनुभयो ।

यस क्रममा नेवाले प्रयोग गरेको सामान गुणस्तरीय रहेको, प्रणलीको दिगोपनाका लागि नेवाका कर्मचारीहरू धेरै लागिपरेको र खानेपानी आयोजनामा प्रयोग हुने निर्माण सामग्रीप्रति उपभोक्ताहरूको कुनै गुनासो नरहेको समेत लेखापरिक्षक तिमल्सिनाले आफ्नो प्रतिवेदनमा उल्लेख गर्नुभएको छ ।

## उपभोक्ताको बोली, धाउन छोडियो खोली

नेवाको आर्थिक सहयोग तथा सहजीकरणमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालित जिल्लाका विभिन्न पालिकाबाट खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका सदस्यहरू समेत यस कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

नेवाले खानेपानी उपलब्ध गराएपछि आफूहरूको दैनिकीमा आएको सहजताका बारेमा उपभोक्ताहरूले मुक्तकण्ठले प्रशंसा गर्नुभएको थियो । नेवाको समुदायमा आफ्नो समुदायमा खानेपानी आयोजना निर्माण हुनु अघि पानी लिन कुवामा जानुपर्ने र एक गाग्री पानी ओसार्नका लागि घण्टौं समय लागेको स्मरण गर्दै भेडीखर्क लिफ्टिङ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिकी अध्यक्ष दुर्गा पाण्डे थापाले भन्नुभयो 'टाढाबाट पानी ओसार्दा अरु काम गर्ने समय मिल्दैनथ्यो । पानीको दुख हुँदा त खेतीपाती गर्ने कि ? वास्तुभाउको स्याहार गर्ने कि ? बालबच्चालाई समयमा स्कुल पठाउने ? भन्ने हुन्थ्यो । अहिले घर आँगनमा धारा बनेपछि ती सारा दुःखहरू हटेका छन् ।'

यस्तै, बागलुङ जिल्लाको तमानखोला गाउँपालिकाकी उपाध्यक्ष हिराकुमारी छन्त्यालले हिजो पानीको अभावमा निन्याउरो मुहार लगाएर खानेपानीको योजना माग्दै गाउँपालिका धाउन बाध्य आफ्नो



*कार्यक्रमलाई सम्बोधन गर्दै नेवाका निर्देशक ई. रेशम जङ्ग सिंह*




*नेवाका उत्कृष्ट कर्मचारीहरूलाई सम्मानित गरिँदै*

गाउँपालिकाका दाजुभाइ दिदी बहिनीहरूको मुहार आज हँसिलो देख्दा आफूलाई समेत सन्तुष्टि मिलेको बताउनुभयो ।

नेवासँगको साझदारीमा आफ्नो गाउँपालिकामा १५ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरू निर्माण भइरहेको जानकारी गराउँदै उहाँले तीमध्ये आफूले पाँच वटा खानेपानी तथा सरसफाइ आयोजनाहरू अनुगमन गरेको जानकारी गराउनुभयो । "मैले अनुगमन गरेका सबै खानेपानी आयोजनाहरू गुणस्तरीय भएको पाएकी छु, आगामी दिनमा हामीले नेवासँग लागत साझेदारीमा काम गर्न बजेट पनि विनियोजन गरेका छौं" उहाँले भन्नुभयो ।

यस्तै पिप्ले मानेडाँडा खानेपानी आयोजनाका लभ कुमार थपलियाले समुदायमा नेवाको उपस्थितिका कारण खानेपानी, सरसफाइ र स्वच्छतामा सुधार आएको, सुरक्षित खानेपानीको महत्व बुझ्न थालेको बताउनुभयो । उहाँले नेवाका खानेपानी आयोजनाहरू गुणस्तरीय रहेको र खानेपानी आयोजना निर्माण गर्दा अनिवार्य श्रमदान गर्नुपर्ने व्यवस्थाले श्रमको महत्व समेत बुझाएको बताउनुभयो ।

## पालिका प्रमुखहरूको साझा स्वर, नेवासँग लागत साझेदार

कार्यक्रमा उपस्थित नेवाले कार्यक्रम सञ्चालन गरिरहेका विभिन्न पालिका अध्यक्षहरूले नेवासँग वर्षौवर्षसम्म साझेदार भएर कार्यक्रम सञ्चालन गर्ने इच्छा जाहेर गर्नुभएको थियो ।

साधारण सभा कार्यक्रममा ३१ वर्षको कार्यकाल पूरा गरेकोमा नेवालाई बधाई तथा शुभकामना व्यक्त गर्दै सिन्धुलीको मरिण गाउँपालिकाका अध्यक्ष विमर्श मोक्तानले नेवासँग साझेदारी गरेर गाउँमा खानेपानी र सरसफाइ आयोजनाहरू सम्पन्न गरेकै कारण समुदायमा आफ्नो पहिचान बनाउन सफल भएको बताउनुभयो ।

आफू खानेपानी र सरसफाइका कार्यक्रमहरूको माध्यमबाट जनताको घरदैलोमा पुगेर जनताको दुःख सुख बुझ्न पाएको उल्लेख गर्दै उहाँले आज गाउँपालिका अध्यक्षसम्म आइपुग्नुमा नेवाकै देन रहेको बताउनुभयो । अध्यक्ष मोक्तानले चालू आर्थिक वर्षमा नेवाका कार्यक्रमहरूसँग लागत साझेदारी गर्न गाउँपालिकाले ५२ लाख रुपैयाँ बजेट विनियोजन गरेको जानकारी गराउनुभयो ।

यसैगरी काभ्रेको रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले पनि नेवाका कार्यक्रमहरूसँग साझेदारी गर्न १ करोड रुपैयाँ रकम विनियोजन गरेको जानकारी गराउनुभयो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्ने क्रममा बागलुङ जिल्लाको निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्य बहादुर घर्तीले २०७४ सालमा आफू वडाध्यक्ष हुँदा पनि साझेदारी गरेको नेवासँग गाउँपालिका अध्यक्ष भएर आएपछि साझेदारीको यो दायरा अझ फराकिलो र गहन भएको बताउनुभयो । उहाँले निसीखोला गाउँपालिकाका विभिन्न ठाउँमा नेवाको सहयोगमा ३९ वटा खानेपानी आयोजनाहरू निर्माण सम्पन्न भई २८ हजार १ सय ४० जनसंख्या लाभान्वित भएको जानकारी गराउनुभयो ।

## नेवाको कामको पाहुनाहरूद्वारा प्रशंसा

नवाले आफूलाई खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रमा लामो समयदेखि काम गर्ने नेपालको अग्रणी गैर सरकारी संस्थाको रुपमा उभ्याउँदै आएको छ । कार्यक्रममा विभिन्न क्षेत्रबाट उपस्थित हुनुभएका महानुभावहरूको शुभकामना सन्देशमा समेत उक्त कुरा झल्कियो ।

साधारण सभा कार्यक्रममा खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ (फेडवासन) का राष्ट्रिय अध्यक्ष राजेन्द्र अर्यालले नेवाले खानेपानीको संरचनामा गुणस्तरीयताका साथै सुशासनमा पनि अब्बल संस्थाको रुपमा आफूलाई उभ्याउँदै आएको बताउनुभयो । उहाँले नेवाका खानेपानी आयोजनामा श्रमदानको अपरिहार्यतालाई राम्रोसँग बुझाउन सकेकैले उपभोक्ताहरूले स्वतःस्फूर्त रुपमा श्रमदान गरिरहेको र यसले आयोजनाको दिगोपनामा टेवा पुग्ने बताउनुभयो ।

यस्तै खानेपानी तथा ढल व्यवस्थापन विभागका सिनियर डिभिजनल इन्जिनियर रजित ओझाले एनवास आईएमएसको प्रयोग गरी वास प्लानको डाटा संकलन गर्ने काममा नेवाले गरिरहेको कामको प्रशंसा गर्नुभयो । उहाँले गुणात्मक तथ्याङ्क ल्याउने संस्था मध्येमा नेवा पनि एक रहेको चर्चा गर्नुभयो ।

यस्तै सुरक्षित रुपमा व्यवस्थित खानेपानीको डाटा एनवास ड्यासबोर्डमा नदेखिएको र यसलाई समेत उल्लेख गर्न उहाँले आग्रह गर्नुभयो ।




*मन्तव्य व्यक्त गर्दै सिन्धुलीको मरिण गाउँपालिकाका अध्यक्ष विमर्श मोक्तान*




*खानेपानी तथा ढल व्यवस्थापन विभागका सिनियर डिभिजनल इन्जिनियर रजित ओझालाई मायाको चिनो प्रदान गर्दै नेवाका अध्यक्ष प्रा. कपिल श्रेष्ठ*

खानेपानी मन्त्रालयका सिडिई नारायण प्रसाद आचार्यले पनि नेवाले नेपालमा खानेपानी र सरसफाइ क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय रहेको उल्लेख गर्दै स्रोत बढाएर कार्यक्षेत्र विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले लैंगिक समानता तथा सामाजिक समावेशीकरण भनेको महिला सहभागिता मात्र नभई जनसांख्यिक बनावटको आधारमा सबै जातजाति, वर्ग, समुदायको प्रतिनिधिमूलक सहभागिता सुनिश्चितता गर्नुपर्नेमा जोड दिनुभयो ।

वार्षिकोत्सव कार्यक्रममा नेवाका अध्यक्ष प्राध्यापक कपिल श्रेष्ठले मानिसको सभ्यता, संस्कृति र रितिरिवाज समेत पानीसँग जोडिएकाले खानेपानीको क्षेत्रमा गरिने काम पुण्य प्राप्तिको कर्म समेत भएको बताउनुभयो ।

उहाँले जलवायु परिवर्तनका कारण आउने परिणामहरूले खानेपानीको क्षेत्रमा काम गर्न निक्कै जटिलता थपिएको बताउनुभयो । 'जलवायु परिवर्तनका कारण आउने खडेरीले पानीको स्रोतहरू सुक्न थालेका छन्, जथाभावी सडक खन्ने प्रवृत्तिले खानेपानीको नसा नै काटिएको छ, अतिवृष्टिले सिर्जना गरेको बाढी र पहिरोले खानेपानीका संरचनाहरूमा क्षति पुऱ्याइरहेको छ' अध्यक्ष श्रेष्ठले भन्नुभयो 'यी सबै सबै जोखिम र चुनौतीका बीच पनि हामीले खानेपानी र सरसफाइको क्षेत्रमा काम गर्नु नै छ' अध्यक्ष श्रेष्ठले संस्थामा अनवरत रुपमा कार्यरत कर्मचारीहरू, पूर्व कर्मचारी तथा संस्थापकहरूको समेत प्रशंसा गर्नुभयो ।

*साभार : वासखबर अनलाइन पत्रिका । फोटोहरू : पि.टी. लोप्चन*

# अनुभव तथा सिकाई आदान प्रदान कार्यक्रम सम्पन्न

दातृ संस्था च्यारिटी वाटर अमेरिकाको आयोजना तथा नेवा र हेल्भेटासको समन्वयमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका विभिन्न सरोकारवालाहरू बीच अनुभव तथा सिकाई आदान प्रदान कार्यक्रम २०८० मंसिर १९ गते सुर्खेतमा सम्पन्न भयो । कार्यक्रममा च्यारिटी वाटर, नेवा, हेल्भेटास, सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (सुस्वा), युएसएआइडी कर्णाली जल परियोजना तथा युनिसेफका प्रतिनिधिहरूले आ-आफ्नो अनुभव तथा सिकाईलाई समेटेर कार्यपत्र प्रस्तुत गरेका थिए ।

विगत करीव चौध वर्षदेखि नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधा अभिवृद्धिका लागि सहयोग गर्दै आइरहेको च्यारिटी वाटर अमेरिकाबाट कार्यक्रम प्रबन्धक सिएरा टोबिनले कार्यक्रमको सहजीकरण गर्नुका साथै 'खानेपानी आयोजनाको कार्यात्मकता रणनीति तथा सेन्सर कार्यक्रम' विषयक कार्यपत्र पस्तुत गर्नु भएको थियो । नेवाबाट आयोजना, अनुगमन तथा रिपोर्टिङ प्रबन्धक डा. महेश्वर प्रसाद यादवले 'खानेपानी आयोजनाको कार्यात्मकता र पानी गुणस्तरमा नेवाको अनुभव एवं पहलहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यसैक्रममा हेल्भेटास नेपालबाट टिम लिडर मदन भट्टले आफ्नो अनुभव तथा सिकाईलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सबैका लागि दिगो खानेपानी सरसफाइ तथा स्वच्छता (सुस्वा) बाट छत्र चौधरी, युएसएआइडी कर्णाली जल परियोजनाबाट मीन बस्नेत, युनिसेफका प्रतिनिधि लगायतले आ-आफ्नो अनुभव तथा सिकाईलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमका सहभागीहरूले खानेपानी आयोजनाको विस्तार संख्यात्मक भन्दा गुणात्मक हुनुपर्नेमा जोड दिएका थिए । खानेपानीमा आम नागरिकको पहुँचको सन्दर्भमा आधारभूत भन्दा सुरक्षित खानेपानीमा पहुँच हुनुपर्नेमा सहभागीहरू एक मत रहेका थिइ । एक घर एक धारासँगै सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छतामा थप काम गर्नुपर्ने आवश्यकतामा सहभागीहरूले जोड दिएका थिए ।




*कार्यपत्र पस्तुत गर्दै सिएरा टोबिन*

च्यारिटी वाटर अमेरिकाबाट कार्यक्रम प्रबन्धक सिएरा टोबिन, अनुगमन तथा मूल्याङ्कन प्रमुख स्कट मिलर र परामर्शदाता क्याशेल कफलनको सहभागिता थियो । नेवाबाट निर्देशक ई. रेशम जंग सिंह, आयोजना, अनुगमन तथा रिपोर्टिङ प्रबन्धक डा. महेश्वर प्रसाद यादव, वास प्रबन्धक अरुण कुमार श्रेष्ठ र फण्डरेजिङ कोअर्डिनेटर उमेश बस्नेत सहभागी हुनुभएको थियो । कार्यक्रममा कर्णाली प्रदेशमा कार्यरत विभिन्न संघ संस्थाहरूका दुई दर्जन भन्दा बढी प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

✍ डा. महेश्वर प्रसाद यादव

# आयोजना प्रवर्द्धकहरूले पाए आयोजना व्यवस्थापन तथा लेखा तालिम

नेवाको आर्थिक तथा प्राविधिक सहयोगमा आ.व. २०२३/२४ मा समुदायमा सञ्चालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाका आयोजना प्रवर्द्धकहरूका लागि आयोजना व्यवस्थापन तथा लेखा तालिमहरू सम्पन्न भएका छन् ।

नेवा वागमती प्रदेश कार्यालय सिन्धुली अन्तर्गत सिन्धुली तथा काभ्रे जिल्लामा रहेका आयोजना व्यवस्थापनसँग सम्बन्धित कर्मचारीहरूका लागि २०८० कार्तिक १७ देखि २३ गतेसम्म सञ्चालित यस तालिममा ३१ जनाको सहभागिता रहेको थियो भने गण्डकी प्रदेश कार्यालय बागलुङ अन्तर्गत २०८० कार्तिक १६ देखि २२ गतेसम्म सञ्चालित तालिममा बागलुङ र म्याग्दी जिल्लामा रहेका साझेदार संस्थाका १५ जनाको सहभागिता रहेको थियो ।



*सिन्धुलीमा सञ्चालित तालिमका सहभागीहरू*

नेवाले आयोजनाको सम्पूर्ण व्यवस्थापन तथा प्राविधिक निरिक्षणका लागि एक जना प्राविधिक कर्मचारी, स्वच्छता तथा सरसफाइ प्रवर्द्धनका लागि एक जना वरिष्ठ स्वच्छता तथा सरसफाइ सहजकर्ता खटाउने गर्दछ । यसैगरी स्थानीय स्तरमा समन्वयका साथै नेवाबाट उपभोक्ता समितिलाई प्रदान गरिने तथा पालिकाबाट प्राप्त हुने साझेदारी रकमको हिसाब किताब राखी समयमै प्रतिवेदन तयार गरी नेवा तथा पालिकामा पेश गर्नका लागि एकजना स्थानीय कर्मचारी पनि छनोट गरिन्छ । आयोजना सहायकलाई सम्बन्धित वडाले र आयोजना प्रवर्द्धकलाई उपभोक्ता समितिले छनोट गर्दछ भने कामको जिम्मेवारी अनुसार उनीहरूको पारिश्रमिक पनि फरक फरक हुन्छ । नेवाले सञ्चालन गरेको तालिम पनि यसरी छनोट भएका कर्मचारीहरूको आयोजना व्यवस्थापन सम्बन्धी सीप अभिवृद्धि गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको हो ।




*बागलुङमा सञ्चालित तालिमका सहभागीहरू*

*नवीन घिमिरे/विनोद कोइराला*




*(नेवा क्यालेण्डर २०६८ बाट उद्धृत)*